IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
# प्रतीक
दैनिक
eprateekdaily.com
राष्ट्रिय 'क' वर्ग

लागूऔषध दुर्व्यसनरहित स्वास्थ्य र समुन्नत समाजको प्राप्तिका लागि लागूऔषध दुरुपयोगको रोकथाम तथा नियन्त्रणको कार्यमा सहयोग पुऱ्याऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत २१ गते शनिवार // मृत भस्म नबन्दैमा भ्भिल्को भैकन बल्नुछ // 2021 April 03 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१५

## अस्पताल र क्लिनिकमा लापरवाही

प्रस, वीरगंज, २० चैत/

कोभिड-१९ सङ्कट व्यवस्थापन समितिको बैठकले सभा, समारोह आयोजना नगर्न र २५ जनाभन्दा भीडभाड हुने गरी काम नगर्न निर्देशन गरे पनि सो निर्देशन सरकारी कार्यालयहरूमैं पालना भएको छैन ।

नारायणी अस्पतालमा अहिले पनि कोभिडविरुद्ध कुनै पनि मापदण्ड अपनाइएको छैन । ओपिडीमा पूर्ववत्रूपमा सयौंको सङ्ख्यामा मानिसको भीड लाग्ने गरेको छ । साबुन-पानीले हात धुने वा सेनिटाइजर लगाउने, सामाजिक दूरी बनाउने, मास्क लगाउनेजस्ता स्वास्थ्य मापदण्ड अपनाउन लगाइएको छैन । आफूखुशी कसैले गरेको छ भने ठीक छ, अन्यथा अस्पतालले सो गर्न अनिवार्य बनाएको छैन ।


नारायणी अस्पतालको ओपिडीमा टिकट काट्दै र चिकित्सकलाई देखाउन पालो पर्खिंदै बिरामीहरू ।


ओपिडीमा बिरामी चेकजाँच गर्दै चिकित्सक, ओपिडीमा टिकट काट्दै अब्दुल कलिम अन्सारी र प्रवक्ता डा दास ।


वीरगंज, बिर्तास्थित क्लिनिक र औषधिपसलमा औषधि किन्ने बिरामीहरूको भीड । तस्वीरहरू: नितेश कर्ण

ओपिडीमा चेकजाँच गराउन आउने जगरनाथपुर गाउँपालिका-५ बिजवनियाका अब्दुल कलिम अन्सारीले कोरोना सङ्क्रमण बढेको समाचारले आफू त्रसित भएको तर अस्पतालमा सोविरुद्ध कुनै पनि मापदण्ड नअपनाइएको बताए । उनले स्वास्थ्य परीक्षणको लागि अस्पताल आउनै पर्ने भएकोले आफू आएको तर अस्पतालको अवस्था हेरेर भयभीत भएको बताए । उनले साबुन-पानीले हात धुने वा सेनिटाइजरको प्रयोग, मास्क लगाउने, सामाजिक दूरी बनाउने जस्ता कार्य नभएको-नगराइएको प्रतिक्रिया दिए ।

नारायणी अस्पतालमा दैनिक ओपिडी सेवामा ४ सयभन्दा बढी मानिसले सेवा लिने गर्छन् । कोरोना सङ्क्रमण बढेपछि यसअघि ओपिडीमा प्रतिविभाग २५ जनालाई मात्र दैनिक सेवा दिइएको थियो ।

अस्पतालका कोभिड संयोजक एवं प्रवक्ता डा सरोजरञ्जन दासले कोभिडविरुद्धको अभियान सञ्चालनको तयारीमा रहेको बताए । उनले तुरुन्तै फिभर क्लिनिक सञ्चालन गरिने र ओपिडीमा सेवा लिन आउनेहरूमध्ये ज्वरो, रुघाखोकी हुनेको फिभर क्लिनिकमा चेकजाँच अनिवार्य गराउने व्यवस्था गरिएको बताए । उनले प्रतिविभाग यसअघि गरिएको २५ व्यक्ति निरीक्षणलाई कार्यान्वयन गरिने जानकारी गराए ।

अस्पतालमा अहिले मौसम परिवर्तनसँगै झाडापखाला, रुघाखोकी, ज्वरोका बिरामीहरू बढेको उनले बताए । नारायणी अस्पतालको ओपिडीबाहेकका विभागहरूमा पनि स्वास्थ्य मापदण्ड अपनाइएको छैन । गाइनो, सर्जिकल, मेडिकललगायतका वार्डहरूमा साबुन-पानीले हात धुने, मास्क लगाउने र सामाजिक दूरी बनाइएको छैन । पूर्ववत्रूपमा शय्याहरूमा बिरामीहरूको उपचार भीडभाडको साथ भइरहेको छ भने कुरुवाहरूको भीड पनि उत्तिकै छ । आकस्मिक सेवामा पनि खासै स्वास्थ्य मापदण्ड अपनाइएको छैन ।

अस्पतालको यो अवस्था छ भने यहींका चिकित्सकहरूद्वारा सञ्चालित क्लिनिकहरूमा पनि बिरामीहरूको अत्यधिक चाप छ । कोरोनाविरुद्धको स्वास्थ्य मापदण्ड अपनाउन सचेत गराउने चिकित्सकहरू पनि आफ्नो क्लिनिकमा स्वास्थ्य मापदण्ड पूरा गराएर बिरामी चेकजाँच गरेको पाइँदैन । कुनै पनि क्लिनिकमा साबुन-पानीले हात धुने, सेनिटाइजर र मास्कको अनिवार्य प्रयोग गरिएको छैन भने दूरी कायम गर्ने कुरा परै जाओस् ।

## हुलाकी सडकबारे गापालाई ध्यानाकर्षण

माधव तिमल्सिना, ठोरी, २० चैत/

ठोरीमा हुलाकी सडकखण्ड निर्माण अधूरो राखेर भारतीय पक्षले नेपाललाई सडक हस्तान्तरण गरेको विरोधमा कार्यालयअगाडि नाराबाजी गरिएको थियो । सडक निर्माण सुचारु गर, मुआवजा वितरण गर, मध्यवर्ती क्षेत्र चाहिंदैन, विकास रोक्न पाइँदैन, स्थानीय सरकार किन मौन ? जस्ता नारा लगाइएको थियो ।


ठोरी गापामा ज्ञापन बुझाउँदै टोली र हस्तान्तरित हुलाकी सडक । तस्वीर: प्रतीक



शुक्रवार गाउँपालिका कार्यालयमा ध्यानाकर्षणपत्र बुझाइएको छ ।

चितवन राष्ट्रिय निकुञ्जको अवरोधको कारण साबिक ठोरीमा करीब ५ किलोमिटर र अन्यत्र सडकको बीचमा रूख पारेको कारण करीब दुई किलोमिटर सडक निर्माण बाँकी रहेको अवस्थामा सडक निर्माण पूरा गर्न गठित सङ्घर्ष समितिले शुक्रवार ध्यानाकर्षणपत्र बुझाएको हो । सङ्घर्ष समितिका संयोजक जगेन्द्र पौडेल नेतृत्वको टोलीले गापा उपाध्यक्ष शान्तिमाया थिङलाई ध्यानाकर्षणपत्र बुझाएको थियो ।

संयोजक पौडेलले स्थानीय सरकारको अनुपस्थितिमा सडक हस्तान्तरण गरेको, राष्ट्रिय निकुञ्जले सडक निर्माणमा अवरोध गर्दा समन्वयकारी भूमिका निर्वाह नगरेको, हुलाकी सडकले चर्चेको घरजग्गाको मुआवजा अझै दिलाउन नसकेकोलगायतका समस्याहरूबारे ध्यानाकर्षण गराइएको थियो । संयोजक पौडेलले अधूरो काम पूरा गराउन र मुआवजा उपलब्ध गराउन पहल गर्न आग्रह गरे । ध्यानाकर्षणपत्र बुझाउँदै संयोजक पौडेलले उल्लिखित मागहरू पूरा नभए आन्दोलन गर्ने चेतावनी दिए ।

ध्यानाकर्षणपत्र बुझाउनुअघि नागरिक अगुवाहरूको उपस्थितिमा गापा

कार्यक्रममा वडाध्यक्ष रामप्रकाश कुँवर, किशोर तामाङ, काङ्ग्रेसका रामबहादुर श्रेष्ठ, सन्तोष श्रेष्ठ, प्रकाश खनाल, माओवादीका खगेन्द्र श्रेष्ठ, कमलविक्रम तिमल्सिनालगायतको सहभागिता थियो । ध्यानाकर्षणपत्र बुझ्दै गापा उपाध्यक्ष थिङले छिट्टै समस्या समाधान हुने आश्वासन दिइन् । उनले यस विषयमा गापाको ध्यानाकर्षण भएको र समस्या समाधानको लागि पहल भइरहेको जानकारी गराइन् ।

यसैबीच, वीरगंज-ठोरी हुलाकी सडक अन्तर्गत चमरीहोलदेखि चौतारासम्मको ठेक्का लिएको कालिका/बानियाँ जेभीले चैत १८ गते बुधवारदेखि म्याद सकिएको भन्दै ठेक्काको काम बन्द गरेको छ । ७ किलोमिटर काम अधूरो भएको अवस्थामा हस्तान्तरण गरिएकोमा ठोरीवासी आक्रोशित भएर विरोध गरेका हुन् । ठेकेदार पक्षले भने निकुञ्जको कारण काम सम्पन्न हुन ढिला भएको बताएको छ । निकुञ्जले अहिलेसम्म आफ्नो क्षेत्रमा काम गर्ने अनुमति नदिएको कारण काम अधूरो भएको ठेकेदार पक्षको स्पष्टोक्ति छ ।

## डढेलोले घाटगड्डीका काठ दाउरा नष्ट हुँदै

प्रस, निजगढ, २० चैत/

गर्मीयाममा पात-पतिङ्गर झर्न थालेपछि वनजङ्गलमा डढेलो लाग्ने क्रम जारी छ ।


डढेलोको कारण घाटगड्डीमा रहेका गोलिया जलेर नष्ट हुँदै । तस्वीर: जीतलाल श्रेष्ठ

वन डढेलोका कारण घाटगड्डीका लागि सुरक्षित स्थानमा राखिएका गोलिया जलेर नष्ट हुने खतरा बढेको छ । वनजङ्गलमा कटान, मुछान गरी राखिएका गोलिया र आँधीहुरीले ढालेका रूखहरू सरकार तथा वन मन्त्रालयको निर्देशनमा डिभिजन वन कार्यालय बारा एवं मातहतका निकायले कटान, मुछान गरी घाटगड्डीमा राखी लीलाम बिक्री प्रक्रियामा रहेका छन् ।

सरकारले एक वर्षयतादेखि वन पैदावर कटान, मुछानका लागि रोक लगाएसँगै घाटगड्डीमा रहेका वन पैदावरहरूको बिक्री वितरण बन्द छ । वैज्ञानिक वनको नाउँमा तराईका विभिन्न जिल्लामा अनियमित तरीकाबाट रूख कटान, मुछान गरिएको जनाउँदै प्राकृतिक स्रोत साधन व्यवस्थापन समितिको निर्देशनमा नेपाल सरकारले यथास्थानमैं रोक लगाउँदै आएपछि गर्मीयाममा ठूलो परिमाणमा रहेको गोलिया, रूख डढेलोले सखाप पार्न सक्ने सम्भावना अधिक रहेको छ ।

प्रत्येक वर्षको चैत, वैशाख र जेठ महीना वनजङ्गलमा अधिक डढेलो र आगलागी हुने समय हो । चोरी तस्करीहरूबाट जोगाउन वनक्षेत्रको विभिन्न सुरक्षित स्थानमा राखिए पनि डढेलोले घाटगड्डी गर्दै र चट्टा लगाउँदै राखिएको र वनजङ्गलमा यथास्थानमैं रहेका साल, अस्ना, करम, टिक, सिसौंलगायत अन्य प्रजातिका गोलिया सखाप हुँदा मुलुकलाई अरबौं रुपैयाँ घाटा हुने डिभिजन वन कार्यालय बाराले जनाएको छ ।

डढेलो तथा आगलागीबाट ती गोलियालाई सुरक्षित राख्न हामीसँग एउटै मात्र उपाय हो, वरिपरिका पात-पतिङ्गरलाई पन्छाउने तर गर्मीयाममा

(बाँकी अन्तिम पातामा)

## जगरनाथपुरमा १९ वर्षीय युवक मृत फेला

प्रस, वीरगंज, २० चैत/

जगरनाथपुर गाउँपालिका-५ सिक्टा पुलको छेउ बाटोमा एकजना युवक मृत अवस्थामा फेला परेका छन् ।

जगरनाथपुर गापा-२ लक्ष्मीपुर निवासी रामविश्वास चौहानका १९ वर्षीय छोरा नितेशकुमार चौहान मृत फेला परेको इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक दीपक थापाले बताए ।

मृतक चौहानको शवलाई शल्यपरीक्षणको लागि नारायणी अस्पताल पठाइएको उनले जानकारी गराए । शल्यपरीक्षणपछि मृत्युको कारण खुल्ने प्रनि थापाले बताए । उनले चौहानको हत्या भएको वा अन्य कारणले मृत्यु भएको सम्बन्धमा अनुसन्धान प्रक्रिया अगाडि बढाइसकिएको बताए ।

**यस स्वार्थी संसारमा बाँच्नु छ भने निद्रामा पनि खुट्टा हल्लाउनुपर्छ, नत्र मानिसले मरेको भन्दै जलाउन अबेर गर्दैनन् ।**

**-विचारसार र सूक्तिहरू**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# हुलाकी सडकमा जुँगाको लडाइँ

**भारत सरकारको सहयोगमा निर्माण भइरहेको हुलाकी सडकको विभिन्न खण्डमध्ये वीरगंज–ठोरी खण्ड चर्चामा छ। मुआवजा विवाद, कुनै बेला सिमाना त कुनै बेला गुणस्तरको विवाद । अब निकुञ्जको अवरोधको कारण चर्चामा छ । वीरगंज–ठोरी सडकखण्डको प्याकेज–२ अर्थात् ठोरी क्षेत्रमा समस्या निकै देखियो। निर्माणको क्रममा गुणस्तरको कुरालाई लिएर दर्जनौंपटक काम अवरुद्ध भए । प्रमुख जिल्ला अधिकारीलगायतका अधिकारीहरू कार्यस्थलमा पुगेर समस्या समाधान गरेका थिए। त्यसैगरी, ठोरीको वडा नं २ र ३ को बीचमा पर्ने सिंचाइ मुहानको विषयलाई लिएर भारतीयहरूले पटक–पटक निर्माणमा अवरोध पुर्‍याइरहेका छन् । सो सम्बन्धमा ठोरीका बासिन्दा र भारतीय किसानहरूबीच कैयौं झडप भइसकेका छन्। सिमानामा तैनाथ रहेर सडक निर्माणमा अग्रसर ठोरीवासीलाई फेरि अर्को पिरलो आइलागेको छ । निकुञ्जले सडक बनाउन दिएन। 'केही विलम्ब गरेर भएपनि निकास निस्किएला' भन्ने आशावादी रहेकै बेला अधूरै योजना नेपाल सरकारलाई हस्तान्तरण गरेर निर्माण कम्पनीलाई बिदा गरिएको छ ।**

**जीराभवानी साँधको चमरीहोलदेखि ठोरी चौतारासम्म ठेक्का पाएको कालिका/बानियाँ जेभीले काम सम्पन्न गर्न करीब पाँच किलोमिटर बाँकी छ। ट्र्याक खन्ने, माटो भर्ने र ग्रेभल तथा गिट्टी बिछ्याउने कार्यसमेत भइसकेको सो खण्डमा कालोपत्रे गर्न मात्रै बाँकी थियो । निकुञ्जको इजाजतबेगर काम गरेको अड्को थाप्दै काम रोकेको चितवन राष्ट्रिय निकुञ्जले अहिले संरक्षणमा बाधा पर्ने भन्दै इआइए (वातावरण प्रभाव मूल्याङ्कन रिपोर्ट) र सरकारको निर्णय मागिरहेको छ । निर्माणाधीन सडक राष्ट्रिय निकुञ्जको संरक्षित क्षेत्रमा पर्दैन । आवधिक तथा मध्यवर्ती क्षेत्रमा निर्माण हुने हो । निर्माण हुने स्थलसम्मको प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) गरेर काम थालनी भएको हो। संरक्षित क्षेत्रभन्दा बाहिर वा धेरै बोटबिरुवा मास्नु नपर्ने स्थानमा आइइईबाटै परियोजना निर्माण गर्न सकिने सरकारको निर्णय अनुसार सडकको टेन्डर भएको थियो । राष्ट्रिय गौरवको योजना अन्तर्गत बजेट विनियोजन भएर काम सम्पन्न हुन लाग्दा विभिन्न अड्को थाप्नु हास्यस्पद कुरा हो ।**

**निकुञ्ज आसपासका बासिन्दाको जीवनस्तर उकास्दै वनजङ्गलप्रतिको निर्भरतालाई हटाउने, मानव र वन्यजन्तु एवं स्थानीय र निकुञ्जबीचको द्वन्द्व न्यूनीकरण गर्न मध्यवर्ती क्षेत्र स्थापना गरिएको हो। तर मध्यवर्ती क्षेत्र हेर्ने निकुञ्जका अधिकारीहरूले मध्यवर्तीको अवधारणालाई आत्मसात् गर्न सकेको छैन । मध्यवर्ती क्षेत्रलाई उपभोक्तामैत्री बनाउने र संरक्षित क्षेत्रलाई सुरक्षित गर्दै जानुपर्ने हो। मध्यवर्ती क्षेत्रमा सडक एवं विकास पूर्वाधार निर्माणले सोही क्षेत्रका बासिन्दाको जीवनस्तर उकासिन्छ। उक्त क्षेत्रमा निकुञ्जले निर्माण अवरुद्ध गर्नुमा सम्बन्धित मन्त्रालय, विभागीय अधिकारी, साथै स्थानीय सरकारबीचको जुँगाको लडाइँ अर्थात् 'मै ठूलो' भन्ने मानसिकताले समस्या निम्त्याएको छ । सीमा बचाउने र निकुञ्ज जोगाउने स्थानीय बासिन्दा हुन् । तिनै बासिन्दाको समस्याप्रति अधिकारप्राप्त निकाय गैरजिम्मेवार बनेको छ । संरक्षणमा असर पर्छ कि पर्दैन ? सडक विभाग, हुलाकी सडक, निकुञ्ज र स्थानीय सरकारका पदाधिकारीले संयुक्तरूपमा स्थलगत निरीक्षण गर्ने र तार्किक निष्कर्ष खोज्ने हो भने एक घण्टामा निकास निस्कन्छ ।**

# कुपुत्र हुनुभन्दा निस्सन्तान भएकै बेस

स्वतन्त्र विचार



वैधनाथ ठाकुर
baidhnath2071@gmail.com

**तथाकथित कम्युनिस्टहरूले एकअर्कालाई सखाप पार्न कुनै कसर बाँकी नराख्ने देख्दा यसमा देशी–विदेशी प्रतिक्रियावादी, दलाल पूँजीवादको ठूलो चलखेल रहेको कुरा सजिलै बुझ्न सकिन्छ। यस्तो धुन्धकारी कम्युनिस्टहरू हुनुभन्दा नभएकै बेस हो। नेपालीमा एउटा उखान छ– 'पुत्र कुपुत्र हुनुभन्दा निस्सन्तान भएकै बेस ।'**

यतिबेला नेपाली राजनीतिले 'कहीं नभएको जात्रा हाँडीगाउँमा' भन्ने उखान चरितार्थ गरेको छ । न्यायपालिकाले आफ्नो पक्षमा फैसला सुनाउँदा लड्डु बाँड्नेहरू त्यही न्यापालिकाको अर्को फैसला आफ्नो पक्षमा नहुँदा अप्रत्यक्षरूपमा विरोध गरिरहेका छन् । अदालतको फैसलाबाट ब्यूँतेको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पुनरावलोकनको लागि अदालतमा निवेदनसमेत दर्ता गराएका थिए तर उक्त निवेदन अदालतद्वारा खारेज भएपछि नेपाली राजनीतिमा थप अन्योलता देखिएको छ । प्रत्येक दिन सामाजिक सञ्जालमा केपी ओलीको सरकारलाई निकम्मा बताइरहने माओवादी केन्द्रले हालसम्म सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको छैन। प्रधानमन्त्रीको विकल्प खोज्ने तर विकल्प दिन नसक्ने, वर्तमान सरकारको तीव्र आलोचना तथा विरोध गर्ने तर केपी ओलीपछि को प्रधानमन्त्री बन्ने भन्दा कसैलाई अगाडि सार्न नसक्ने तहमा पुगेको वर्तमान राजनीतिले जनतामा सकारात्मक सन्देशभन्दा पनि नकारात्मक सन्देश नै प्रवाह गरिरहेको छ ।

हिजोसम्म माधव नेपाल, भीम रावल, प्रचण्डलगायतले केपी ओलीलाई सत्तोसरोप गर्ने गरेको तर यतिबेला ६ महीनाको लागि नेकपा एमालेको साधारण सदस्यतासमेतबाट निलम्बन गरिसकेपछि 'कुप्री बूढीलाई न उठी सुख न बसी सुख' जस्तै हुन पुगेको छ । माधव नेपाल, भीम रावल, झलनाथ खनाल, सुरेन्द्र पाण्डे, घनश्याम भुसाललगायतका नेताहरूको राजनीतिक भविष्य अब के हुने भन्ने प्रश्नको उत्तरमा जीरो हुने सङ्केत छ भन्ने यथार्थतालाई नकार्न मिल्दैन ।

एकचोटि गाउँभरिको मायाको पात्र एक युवकको सर्पले डसेर मृत्यु भएछ। डस्न पनि सर्पले ठीक आँखाको अलिकति तल मात्रै डसेको रहेछ । उक्त युवक हेर्नमा जति स्मार्ट थियो, त्योभन्दा बढी समाजसेवी, सहयोगी, मधुरबोली, मेहनती, स्वावलम्बी आदि सर्वगुण सम्पन्न थियो। यही कारण हो, जसले गर्दा उसको मृत्युमा पूरै गाउँ स्तब्ध थियो। गाउँका ठूलाबडा बुजुर्ग बुद्धिजीवीहरू लाश जलाउँदै गर्दा मसानघाटको चौतारीमा बसेर बहस गर्दै थिए। एउटाले भन्यो– त्यो मरेर गाउँलाई अपूरणीय क्षति भयो । अर्कोले भन्यो– त्यतिको सेवाभाव भएका मेहनती र स्वावलम्बी मान्छे हामी फेरि कहिले पाउने हो कुन्नि ? तेस्रोले भन्यो– हैन सर्प पनि कस्तो है ठीक आँखाभन्दा अलिकति मात्रै तल डसेको रहेछ। थोरै मात्रै माथि डसेको भए आँखा नै खत्तम भएर जीवनभर अन्धो हुनुपर्थ्यो । सबैले हो त नि भनेर बुद्धिजीवीको कुरोमा समर्थन जनाए ।

यतिबेला हाम्रो देशमा यस्तै कथाको जस्तो बहस चलिरहेको छ । संसारको उत्कृष्ट संविधान भनेर त्यस्तो संविधानलाई भनियो, जसको घोषणा गर्दैगर्दा दर्जनौं नागरिकको छाती सरकारी गोलीले छेडेको थियो। संविधान घोषणा हुँदा केहीले दीपावली गरे भने केहीले घर–घरमा बत्ती निभाएर कालो दिवस मनाए । आखिर जे भएपनि संविधान जारी भएपछि जनताले के पायो त ? संविधानकै कारण देशमा सातजना मुख्यमन्त्री र दर्जनौं मन्त्री बन्न पाए नेताहरू तर तिनै नेताहरूले जनताको लागि के गरे त ? अर्थात् रोजगार, कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, विद्युत्, सडक, यातायात आदिका क्षेत्रमा विगत १३/१४ वर्षमा के के प्रगति भयो ? यो कुरा साँचो हो कि थुप्रै यस्ता नेता देखिए, जसको गाउँमा राम्रो घर थिएन, उनीहरूले राजधानीमा ठूलो महल तयार गरे । तर त्यसबाट जनताले के पायो त ?

जनता यतिबेला कोरोनाको मारमा फसेको छ । पहिलो खोप नै अझै लिन पाएको छैन । पहिलो खोप लिएकाहरू दोस्रो खोप पाउँछ कि पाउँदैन, त्यसैको अन्योलमा छन् तर नेताहरू प्रधानमन्त्री र मन्त्री को को बन्ने झगडामा विगत दुई वर्षदेखि लागिपरेका छन्। वास्तवमा जसरी गाउँको त्यो सुन्दर विवेकशील, समाजसेवी केटा मरिसकेको थियो । त्यसको लाश आगोले खाँदै थियो तर बुद्धिजीवीहरू सर्पले अलि माथि डसेको भए आँखा नै अन्धो हुने थियो भन्ने विषयको बहसमा लीन थिए । ठीक त्यसैगरी वर्तमानको संसदीय व्यवस्थामा चाहे नेपाली काङ्ग्रेस होस् वा विभिन्न नामधारी कम्युनिस्ट पार्टीहरू तिनीहरू आफैंले बनाएको पार्टीको विधान, उद्देश्य, नीति, कार्यक्रम आदिलाई दशकौं पहिले पोलेर खाइसके । देशको ढुकुटी तिमी मात्रै होइन, म पनि खान पाउनुपर्‍यो भन्ने झगडामा लागेका नैतिकता मूल्य र मान्यता शून्य भइसकेका नेताहरूमाझ जनता र कार्यकर्ताहरू विभिन्न गुट, उपगुटमा विभक्त भई फलानो नेता देशभक्त, क्रान्तिकारी तथा विकासप्रेमी हुन्, बाँकी सबै प्रतिक्रियावादी, भ्रष्टाचारी, फटाहा, एकदमै काम नलाग्ने हुन् भनेर प्रचारप्रसार गरिरहेको देख्छौं ।

खासगरी काङ्ग्रेस पार्टी र नेताभित्र प्रजातन्त्रको 'प' पनि देखिंदैन। त्यसैगरी, कम्युनिस्ट पार्टीभित्र तथा तिनका नेताभित्र कम्युनिस्टको 'क' पनि चरित्रगतरूपमा देखिंदैन। यी पार्टीहरूमा चुनावको लागि बढी पैसा खर्च गर्न सक्ने र जित्न सक्ने उम्मेदवारहरू मात्र प्राथमिकतामा रहेका छन्। यस्तोमा आम जनताको पक्षधर नेता समाप्त हुनु स्वाभाविक नै हो । यिनलाई मन पर्ने अर्थात् यिनको स्वार्थ पूरा गर्ने मानिस माफिया नै भएपनि ऊ एक नम्बर क्रान्तिकारी र विकासप्रेमी नेता भइहाल्छ तर यिनको स्वार्थविरुद्ध बोल्ने वा यिनका स्वार्थसिद्ध हुन नसक्ने व्यक्ति जतिसुकै पुरानो, त्यागी, बलिदानी कार्यकर्ता भएपनि ऊ काम नलाग्ने श्रेणीमा पर्ने गरेको छ ।

जेहोस्, निकट भविष्यमा कम्युनिस्ट नामक भूत गाउँघरबाट भाग्नेछ । नेताहरूको आफ्नै चरित्र, चिन्तन र शैलीले कम्युनिस्टको नाम सुन्न सुनाउन लायक रहला जस्तो लाग्दैन। तथाकथित कम्युनिस्टहरूले एकअर्कालाई सखाप पार्न कुनै कसर बाँकी नराख्ने देख्दा यसमा देशी–विदेशी प्रतिक्रियावादी, दलाल पूँजीवादको ठूलो चलखेल रहेको कुरा सजिलै बुझ्न सकिन्छ। यस्तो धुन्धकारी कम्युनिस्टहरू हुनुभन्दा नभएकै बेस हो। नेपालीमा एउटा उखान छ– 'पुत्र कुपुत्र हुनुभन्दा निस्सन्तान भएकै बेस ।'

# पानी नपर्दा तरकारी किसानको चिन्ता

महोत्तरी, २० चैत/रासस

होली (फागु) पर्वको रमाइलो सकेका किसान खेतबारीमा बाली सुक्दै गएको देखेर बिलखबन्दमा परेका छन् । होली पर्व सकेर खेतीपाती हेर्न थालेका महोत्तरीका तरकारीखेती गर्ने किसान तरकारीका बोट र बेला (लहरा) सुक्दै गएको देखेर बिलखबन्दमा परेका हुन् । लामो समयसम्म पानी नपरेर सिंचाइका अन्य विकल्प नपाएपछि धमाधम बोटमैं तरकारी सुक्न थालेकाले किसानमा चिन्ता बढाएको हो ।

"खेतबारीमा भान्टा, परवल, घिरौंला, झिमनी, रामतोरई, करेला, फर्सी, लौकासहितका तरकारीका बिरुवा पानीबेगर सुकिरहेका छन्, पानी पर्दैन, इनार धमाधम सुके... अब के गरौं...?" जिल्लाको भङ्गाहा नगरपालिका–४ का तरकारी किसान चन्देश्वर राय दनुवारले विरक्तिंदै भने, "बारीमा लहलह बढ्नुपर्ने तरकारीका बिरुवा सुक्दै गएपछि घरगुजारा केले टार्ने होला ?" लामो खडेरीले तरकारीबाली बोटमैं सुक्न थालेपछि किसानको पिरोलो बढेको हो ।

यसपालि सिङ्गो हिउँद पानी नपरी बित्यो । चैत मध्य सकिंदासम्म पानी नपर्दा वैशाखी तरकारीका बोट र लहरा सुक्दै गएका छन्। यो वर्ष तरकारीखेतीका लागि एकपछि अर्को प्रतिकूलताले मन भाँचेको किसानको ठम्याइ छ । "नयाँ वर्षसँगै लकडाउनको मार पर्‍यो, फलेका तरकारी बजार लान नपाएर बोटमैं बुढियो," सोही बस्तीका अर्का किसान गङ्गाराम महतोले दिक्दारिंदै भने, "गत वर्षको वैशाखी र बर्खे तरकारीबाली बोटमैं बुढियो, अहिले वैशाखी (गृष्मकालीन) तरकारीबाली पानीबेगर सुक्न थाल्यो ।"

जिल्लाको उत्तरवर्ती क्षेत्रका भङ्गाहा, बर्दिवास, औरही र गौशाला नगरपालिका क्षेत्र तरकारीबालीका लागि उर्वर ठाउँ मानिन्छन् । त्यसैगरी, मटिहानी नगरपालिकाका ढेकाहा, बर्दाहा, आवर र बलवा नगरपालिकाका धमौरा, रौजा बस्ती तरकारी उत्पादनमा उर्वर क्षेत्र मानिन्छन्। मुख्य बाली नै तरकारीलाई बनाएका किसान पानीको उपाय नहुँदा अहिले विरक्तिएका हुन् । "बस्तीनजीकै जता हेर्‍यो, खोलाखोल्सी छन्," बर्दिवास–९ पशुपतिनगरका किसान महेन्द्रसिंह कुशवाहा भन्छन्, "तर खोलाखोल्सी सिंचाइका लागि नभएर बर्खे भेलमा खेतबारी बगाएर चिन्ता थप्ने मात्र छन्।" गत वर्षामा रातु नदीको बाढीले बगर बनाएको खेत देखाउँदै महतोले भने, "खै हाम्रो त कर्मै खोटो पो हो कि क्या हो।" स्थायी सिंचाइको कुनै व्यवस्था नभएको र अहिलेको लामो खडेरीले बस्तीका इनार धमाधम सुकेपछि पम्पसेट (इनारबाट पानी तान्ने मोटर)को काम पनि सकिएको महतोको भनाइ छ ।

स्थायी सिंचाइको प्रबन्ध हुन नसकेको र इनार, चापाकल धमाधम सुकेपछि किसान तरकारीका बोट सुकेको आँखाभरि आँसु टिल्पिल्याउँदै हेरिरहन बाध्य छन्। यसपालि लामो हिउँद पानी नपरी बितेपछि पानीका स्रोतका मुहान सुक्दै जाँदा आफूहरू बिलखबन्दमा परेको किसानको दु:खेसो छ । जिल्लामा मौसमी/बेमौसमी र वर्षभरिका विभिन्न याममा गरी १० हजार हेक्टरमा तरकारी खेती हुँदै आएको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ ।

महोत्तरी जिल्लाको कुल खेतीयोग्य जग्गा ६७ हजार ३५२ हेक्टरमध्ये हालसम्म मुश्किलले करीब सात हजार हेक्टरमा मात्र कुलो लाग्ने सिंचाइ सुविधा छ । यसपालिको लामो हिउँदे खडेरीले सिञ्चित जग्गाकै पानीको स्रोतका मुहानसमेत सुक्दै गएकाले अहिलेको बाली मात्र नभएर अब लगाइने बालीका लागि खनजोत गर्नसमेत समस्या परेको किसान बताउँछन् ।

किसानको यो चिन्ताबीच प्रदेश २ सरकारको भूमि व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालयले सिंचाइलाई मुख्य प्राथमिकतामा राखेर कृषि प्रवर्द्धन कार्यक्रम अघि बढाइएको जनाएको छ। यसैगरी, जिल्लाका बर्दिवास र भङ्गाहा नगरपालिकाले सिंचाइ सुविधा विस्तारकै लागि १०० भन्दा बढी इनार निर्माण भइसकेको र यस वर्ष पनि इनार निर्माणको काम भइरहेको जनाएका छन्। यसैबीच, मटिहानी नगरपालिकाले पनि सिंचाइ सुविधा विस्तारका लागि बोरिङ जडानको काम थालिएको जनाएको छ।

# झ्याल–ढोका बन्द गरेर चितामा कहिलेसम्म बस्ने ?

पाठक प्रतिक्रिया

१९ गते प्रतीकमा लेख र सम्पादकीय पढें । त्यही दावानल, कोरोना र वायु प्रदूषणको विषय छ त्यहाँ । चारैतिर घना जङ्गल भएको बेला दावानल प्राकृतिक हुन्थ्यो । मलाई लाग्छ कि त्यसले न कुनै वायु प्रदूषणको समस्या हुन्थ्यो, न जैविक सन्तुलनको। ज्यूँ ज्यूँ जङ्गल पातलिंदै गयो, त्यूँ त्यूँ त्यो दावानल त घोर समस्या बनेर आयो । घरबाट पनि ननिस्कने, झ्याल–ढोका पनि बन्द राख्ने । यो स्थिति त चितामा भएको मानिसको हुन्छ। के हामीले आफ्नो चिता आफैंले बनाइरहेका छौं ? हो बनाइरहेका छौं। कोरोनाको त्यही हालत छ। दोस्रो, तेस्रो लहर । मास्क र सामाजिक दूरी कहिलेसम्म बोकिराख्ने ? त्यसले बचाउ गरे पनि समाधान होइन। त्यसैले छिटो खोप दिएर स्थायी निदान नै राम्रो मान्न सकिन्छ। त्यस्तै, स्वच्छ हावाको लागि पनि अब प्राकृतिक उपाय नगरी काम नचल्ने पक्का छ । भूत जस्तो मास्क लगाएर हिंड्नु मानिसको अन्तिम विकल्प हुनुहुँदैन । वैज्ञानिक चमत्कार धेरै भए । कृत्रिम चमत्कार धेरै भए । अब प्राकृतिक चमत्कारको पर्खाइ हुनुपर्छ । त्यसैले जालन्धर शर्माको हेलिवर्ल्डमा खुशी भएपनि पुलकित हुने अवस्था छैन। उनी बधाईका पात्र त हुन् तर उनको डिजाइन त १५० वर्ष पहिलेको राइट बन्धुको ठ्याक्कै डिजाइन जस्तो देखियो । जेहोस्, एक नेपालीको नाताले सबैले खुशी हुनुपर्छ, हौसला दिनुपर्छ, सहयोग दिनुपर्छ। मैले प्रतीकमा बाहेक यसको चर्चा अन्त कतै पाइनँ । 'घरका मुर्गी दाल बराबर' यसैलाई भन्ने गरिन्छ। कम्तीमा भोलि उनको प्रदर्शनमा दर्शक जुटाए हुन्थ्यो। यस्ता वैज्ञानिकको व्यक्ति परिचय र शिक्षादीक्षाबारे जान्न मानिस बढी उत्सुक हुन्छन । प्रतीकले त्यो दिएको छैन ।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३४ | २०७७ चैत २१ गते शनिवार | 2021 April 03 Saturday




## नवप्रज्ञापन : राजधानीमा बाँचेको मोसफलको साहित्य


स्वान्तः सुखाय




सञ्जय मित्र

mitrasanjay41@gmail.com


**नेपाली साहित्य भन्नु नेपालको साहित्य हो । नेपाली भाषाको साहित्य भन्नु नेपालभित्र र नेपालबाहिर विश्वभरिमा लेखिने नेपाली भाषाको साहित्य हो र नेपाली साहित्यमा नेपालभित्रका सबै मातृभाषाका साहित्य समेटिनुपर्दछ भन्ने सुन्दर व्यावहारिक दृष्टान्त नवप्रज्ञापनले पस्किँदै आएको छ ।**

मोफसलमा साहित्यिक पत्रकारिताका जन्मदाता निस्सन्देह श्यामप्रसाद शर्मा हुन्। देशको विशिष्ट प्रगतिवादी साहित्यकार शर्माले वीरगंजबाट साहित्यिक पत्रिकाको प्रकाशन प्रारम्भ गरेका हुन्। साहित्यिक पत्रकारितामा रुचि लिनेले वीरगंजलाई यस कारण पनि सम्मान गर्दछन् कि वीरगंजले साहित्यिक पत्रकारिताको प्रारम्भ गरेको थियो । वीरगंजको भूमिबाट साहित्यिक पत्रकारिताको सुगन्ध आसपासको वातावरणमा यसरी फैलिएको छ कि साहित्यिक पत्रकारिता निरन्तर उम्रिरहेको छ । साहित्यिक पत्रकारिताको क्षेत्रमा निरन्तर नयाँ इतिहास सिर्जना भइरहेको यस क्षेत्रमा लामो समयसम्म प्रकाशन भएको पत्रिकामध्ये एक हो, नवप्रज्ञापन। बारा जिल्लामा दर्ता भएर झन्डै तीन दशकदेखि प्रकाशन भइरहेको नवप्रज्ञापनले पछिल्ला केही दशकदेखि देशको राजधानी काठमाडौंबाट प्रकाशन हुन थालेको छ । यो काठमाडौंबाट प्रकाशन भइरहेको छ भन्नुको तात्पर्य यहाँ काठमाडौंमा मुद्रित भइरहेको छ भन्नु हो । पत्रिकाको व्यवस्थापनसम्बन्धी कार्य काठमाडौंमा बसेर भइरहेको छ।




बाराका नवराज रिजाल यसका प्रकाशक तथा सम्पादक हुन्। उनकै सम्पूर्ण व्यवस्थापनमा नवप्रज्ञापन पत्रिका निरन्तर प्रकाशनरत छ । पत्रिकाले आधुनिक प्रविधिको प्रयोग गरेर साहित्यिक पत्रिकाको दौडमा आफूलाई अग्रस्थानमा सुरक्षित राख्न सकेको छ। पत्रिकाको यो सफलता हो कि अब जहाँ नेपालमा साहित्यिक पत्रिका वा साहित्यिक पत्रकारिताको चर्चा हुन्छ, त्यहाँ नवप्रज्ञापनको सन्दर्भ जोडिएन भने त्यो अपूरो हुन्छ। साहित्यिक पत्रकारिताको सन्दर्भमा नवप्रज्ञापनको सङ्घर्ष आफैंमा एउटा इतिहास रहेको छ । यसका प्रकाशक–सम्पादक रिजालले गरिरहेको निरन्तर सन्तुलित संयोजनको पारितोषिक यही हो कि यस पत्रिकाको सम्मान नेपाली साहित्यको पत्रकारिताको वर्तमानमा जोडिएको छ।

आजको परिवेशमा देशको प्रख्यात साहित्यिक पत्रिकाको रूपमा स्थापित बन्न पुगेको नवप्रज्ञापन त्रैमासिक राजधानी काठमाडौंमा मोफसलको शान हो । काठमाडौंमैं जन्मेर हुर्केका दर्जनौं साहित्यिक पत्रिकाभन्दा बाराबाट राजधानीमा सम्मानजनक स्थान गर्दै बिस्तारै शीर्ष सम्मानतिर अग्रसर भएको छ। यो चानचुने उपलब्धि होइन।

पत्रकारितामा सम्मान पाउन दुई कुरा महत्त्वपूर्ण हुन्छन्– निरन्तरता र स्तरीयता। नवप्रज्ञापन निरन्तर प्रकाशन भइरहेको छ समयमैं। निरन्तर प्रकाशन भइरहेकाले यो पत्रिका प्रकाशन हुन्छ भन्ने दृढ मनोवैज्ञानिक विश्वास सर्जकहरूमा परेको छ । यसले गर्दा कुनै विधाको रचना लेखिसकेपछि यस पत्रिकालाई दिनुपर्छ भन्ने पर्न जान्छ वा कतिपय अवस्थामा नवप्रज्ञापन साहित्यिक त्रैमासिकलाई रचना नदिएको धेरै भइसक्यो भनेर पनि सर्जकहरूले लेख्ने गर्दछन् ।

स्तरीयतालाई नवप्रज्ञापनले निर्वाह गर्दै आएको छ । यहाँसम्म कि रचना पठाउनुपूर्व नै कसैले अलिक स्तर पुगेकोजस्तो लाग्दैन भन्दछन् भने सम्पादक रिजालबाट स्पष्ट शब्दमा भनिन्छ– उसो भए नपठाउनुस्, पछि राम्रो पठाउनुहोला। यसले पत्रिकामा आउने रचना स्तरीय हुनुपर्दछ र प्रकाशित रचनामा पनि स्तरीयता हुनुपर्दछ भन्ने मनोविज्ञान सम्पादकको रहेको बुझ्न सकिन्छ । स्तरीयता निर्वहनमा सम्झौता नगरिरहेको नवप्रज्ञापनका प्रकाशित अङ्कहरूले प्रमाणित गरेका छन् ।

निरन्तरता र स्तरीयताकै कारण मोफसलको एउटा साहित्यिक पत्रिकाले राजधानीमा आफ्नो छाप र प्रभाव छोड्न सकेको छ। राजधानीको सम्मान प्राप्त गर्न सकेको छ । यस पत्रिकाले नेपाल सरकारबाट पनि सम्मान र पुरस्कार प्राप्त गर्न सकेको छ।

मोफसल भन्नेबित्तिकै कतिपयले नाक खुम्च्याउने गरेका छन्। तिनीहरूका लागि बलियो झापड बन्न पुगेको छ, नवप्रज्ञापन। मोफसलको हो भनेर यसलाई नपढ्नेले यसप्रति उही पुरातन मानसिकता र मनोविज्ञानले हेयताको भाव राख्न सक्लान् तर यसको पठन र अध्ययन गर्नेले भने खुला हृदयका साथ यसलाई मोफसलीय साहित्यिक पत्रकारिताको स्तरीय रूप पाउन सक्छन्। मनोविज्ञानमा परिवर्तन भएको पाउन सक्छन् ।

यस पत्रिकाको एउटा मुख्य प्रभाव भनेको मोफसलका सर्जकलाई राजधानीमा परिचित गराउनु हो। यस पत्रिकामा स्तरीय रचना प्रकाशित हुन थालेपछि मोफसलका कतिपय पत्रिकाले स्वाभाविकरूपमा ती सर्जकसित रचनाको माग गरी आफूले स्तरीय ठानेका आफ्नो साहित्यिक पत्रिकामा ससम्मान स्थान दिने गरेका छन्। मोसफलका सर्जकको रचना आफूलाई राजधानीको भन्ने वा ठान्ने साहित्यिक पत्रिकाले मागेर प्रकाशित गर्नु यस नवप्रज्ञापनको खोज, आविष्कार वा अनुसन्धान हो। यो नवप्रज्ञापनको सफलता हो। यसमाथि नवप्रज्ञापनले आत्मगौरवको अनुभूति गर्नुपर्दछ ।

नवप्रज्ञापनलाई रचनाको कहिल्यै कमी भएन। स्तरीय रचना नवप्रज्ञापनमा प्रकाशनार्थ पर्याप्त छन् । यसै कारणले हो यो पत्रिका नियमितरूपमा समयमैं प्रकाशन हुन सकेको छ। यस पत्रिकाको एउटा विशिष्ट पक्ष यो पनि हो कि यसले विशेष अङ्कहरू प्रकाशन गर्ने गरेको छ। झन्डै हरेक वर्ष विधागत वा अन्य किसिमले साहित्यिक विशेष अङ्क निकाल्ने गरेको नवप्रज्ञापनका विशेषाङ्कहरू नाम मात्रका विशेषाङ्क हुँदैनन्। विधागत पहिचान, विधागत मूल्य–मान्यतामा प्रतिबद्ध रहेर नवप्रज्ञापनले प्रकाशित गरेका विशेषाङ्कहरू चर्चित र सम्मानित हुने गरेका छन् ।

अहिले गजल अङ्कको तयारी भएको छ । ९१औं अङ्क प्रकाशित भइसकेको यस साहित्यिक पत्रिकामा देश सङ्घीयतामा गइसकेपछि देशमैं सम्भवतः पहिलोचोटि प्रदेशस्तरमा कुनै विशेषाङ्क प्रकाशित गर्न लागेको हो। अझ भाषा, साहित्य, कला र संस्कृतिको सेवामा निकै पछाडि परेको मानिएको प्रदेश २ को लागि नवप्रज्ञापनले गजल विशेषाङ्कको तयारी गर्नु आफैंमा सम्मानयोग्य विशेष कार्य हो ।

नवप्रज्ञापन नेपाली साहित्यको स्थापित पत्रिका हो । नेपालीय साहित्यिक पत्रकारितामा यसको विशिष्ट स्थान बन्न पुगेको छ । यस दृष्टिकोणले नेपाली भाषाको साहित्योत्थानमा यस पत्रिकाको विशेष योगदान र सम्मान छ तर यस पत्रिकाले मोफसलीय धर्म निर्वाहलाई जति प्राथमिकता दिएको छ, सोहीसँगै देशभित्रका अन्य भाषाभाषीको साहित्यलाई पनि सगर्व उच्च सम्मान दिएको देखिन्छ । नेपालभित्र बोलिने विभिन्न भाषाका स्तरीय साहित्यलाई यसले हरेक अङ्कमा स्थान दिने गरेको छ, पछिल्ला केही वर्षदेखि । यद्यपि भोजपुरी भाषालाई मात्र यसले प्राथमिकता दिएको र भोजपुरीलाई स्थापित गर्न अन्य मातृभाषाका एकाध रचनालाई स्थान दिने गरेको भन्ने आरोप यस पत्रिकामाथि लाग्ने गरेको छ तर यसले अन्य स्थानीय भाषाका स्तरीय रचनालाई खोजी–खोजी स्थान दिएको यथार्थ हो । जुन भाषाका साहित्यकार बढी सक्रिय हुन्छन्, त्यस भाषाले बढी स्थान पाउनु स्वाभाविक हो ।

नेपाली साहित्य भन्नु नेपालको साहित्य हो । नेपाली भाषाको साहित्य भन्नु नेपालभित्र र नेपालबाहिर विश्वभरिमा लेखिने नेपाली भाषाको साहित्य हो र नेपाली साहित्यमा नेपालभित्रका सबै मातृभाषाका साहित्य समेटिनुपर्दछ भन्ने सुन्दर व्यावहारिक दृष्टान्त नवप्रज्ञापनले पस्किंदै आएको छ। यस दृष्टिकोणले नवप्रज्ञापन वास्तविक नेपाली साहित्यिक पत्रिका हो । यस सम्मानपूर्ण गौरवमय पाइलालाई निरन्तरता दिन सबैको सकारात्मक सहयोगको आवश्यकता रहन्छ ।

## पत्रकारहरूको चुनाव


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


**सञ्चारगृह र पत्रकारहरूको हकहितको सवालमा कसको भूमिका अपरिहार्य छ ? को सक्षम नेता हुन सक्छ ? भन्ने यावत् विषयहरूमा गम्भीर विमर्श आवश्यक छ । स्वहिताय नेता चुन्ने कि जनहिताय नेता चुन्ने मतदाताहरूले गम्भीर भई सोच्नुपर्ने बेला आएको छ ।**

'कृपया म र मेरो समूहलाई भारी मतले विजयी बनाउनुहोस्' यो वाक्य मतदान नसकिउन्जेलसम्म अस्तित्वमा रहनेछ । देशको चौथो अङ्गको रूपमा परिभाषित पत्रकारहरूको सङ्घीय, प्रदेश तथा जिल्लास्तरीय चुनाव एकैसाथ यही चैत २५ गते हुँदैछ । निर्वाचन नजीकिँदै जाँदा मतदाताहरूसँग भेटघाट र सामाजिक सञ्जालमा प्रचारप्रसारको क्रम तीव्र छ। वर्तमान संविधान अनुसार पत्रकारहरूको निर्वाचन प्रणाली परिवर्तित स्वरूपमा हुँदैछ। यद्यपि उम्मेदवारहरूले पत्रकारिता क्षेत्रमा आफूले गरेको योगदान, आगामी कार्यनीति र योजनाहरूको स्पष्ट खाका अघि सार्नुपर्नेमा त्यस्तो देखिंदैन । आफू सम्बद्ध दलका नेताको आशीर्वाद थाप्ने निरन्तरताले पत्रकारिताको मूल प्रवाह अवरोधपूर्ण छ।


वीरगंजका पत्रकार तथा साहित्यकार स्व विजयप्रकाश बिन भन्थे, "सत्ता सधैं पत्रकारले दासत्व स्वीकार गरोस् भन्ने चाहन्छ ।" दुई दशकयता पत्रकारिता क्षेत्रमा पत्रकार तथा सञ्चारमाध्यमहरूको उल्लेख्य वृद्धि भएको छ। पत्रकारिताको क्षेत्रमा नेता, व्यापारी, ठेकेदारलगायतको उदय भएपछि विकृति झाङ्गिदो छ। असली र नकली छुट्याउन गाह्रो छ। कर्तव्यनिष्ठ पत्रकार र सञ्चारगृह धराशयी हुँदैछन्। त्यस्तै नकलीहरूको हालीमुहाली छ । बिगबिगी छ । अपवादबाहेक पत्रकारिताको सवालमा जमेको मयल पखालिनुपर्छ कि पर्दैन ? दुर्गन्धरहित पत्रकारिता हुनुपर्छ कि पर्दैन ? पत्रकारिताको अनुहार अन्य क्षेत्रभन्दा फरक हुनुपर्छ कि पर्दैन ? जस्ता यावत् प्रश्नहरू यतिबेला उम्मेदवारहरूको सामुन्ने खडा छ।

दलको ओतमुनि काम गर्ने वा कसैलाई ओत दिने पेशा होइन, पत्रकारिता। पत्रकारिता स्वतन्त्र पेशा हो । दलीय झन्डाको ओतमुनि स्वतन्त्र पत्रकारिता गर्नु असम्भव छ । यसको अर्थ दलको विचारसँग आबद्ध हुन पाइँदैन भन्ने होइन । कुनै विचारसँग सहमति राख्नु भिन्दै कुरा हो । यद्यपि दलीय विचार पत्रकारिता पेशामा लागू गर्ने हो भने सामाजिक न्यायको सवालमा अधोगति हो भन्नुपर्दा कसैलाई विमति नहोला।

उहिले सूचनाको सवालमा केही साप्ताहिक अखबारहरू उदय भएका थिए। सामाचार कागजमा लेखिन्थ्यो। पत्रिकाको छपाइ ट्रेडिल मेशिनमा हुन्थ्यो। उहिले प्रविधिको न्यून संसाधनको बावजूद स्वच्छ पत्रकारिता थियो । अहिले प्रविधिको विकाससँगै पत्रिका, रेडियो, टिभी, अनलाइनलगायतका प्रशस्त सञ्चारमाध्यम उदीयमान छन्। यससँगै पत्रकारहरूको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको छ । यद्यपि सङ्क्रमणको खतरा पनि उत्तिकै छ। त्यसैले सजगता अपरिहार्य छ।

आफू आबद्ध दलको अनैतिक गतिविधि छोप्ने र हुँदै नभएको विषयमा वाहवाही लेख्ने प्रचलनले पत्रकारिताको गरिमा ओरालोलाग्दो छ । संसारमा कतिपय ख्यातिप्राप्त र असल पत्रकारहरू छन्, जोसँग भेट्नको लागि महत्त्वपूर्ण व्यक्तित्वहरूले पनि हतपती अवसर पाउँदैनन् । तर यहाँ ठीक उल्टो छ । परिवर्तन कहिले सम्भव छ ? समय कहिले आउँला ? भन्ने प्रश्नको जवाफ प्रतिस्पर्धीहरूले दिनुपर्छ। नेताको वाहवाही लेख्ने वा चाकरी गर्ने प्रवृत्ति झन्डै एक दशकदेखि हावी छ। पहुँचको आधारमा पुरस्कार थाप्ने प्रचलन छ। अपवादबाहेक आज पत्रकारिता दलीय कार्यकर्ताको आवरणमा छताछुल्ल छ । दल केन्द्रित आचरणको कारण पत्रकारिताको मूल मर्म ओरालोलाग्दो छ।

अवसर, नियुक्ति, द्रव्यमोहलगायतका



अवाञ्छित क्रियाकलापबाट मुक्त हुने हो भने राज्यले अपेक्षित परिणाम पाउने सम्भावना टाढा छैन। राज्यको उन्नति र प्रगतिको लागि वर्षौं कुर्नुपर्दैन । सञ्चारजगत्ले अपेक्षित परिणाम दिन सफल हुनेछ। दलको सदस्यता र प्रेस कार्ड एकअर्काको समकक्षी हुँदै होइन । सञ्चारकर्मी र दलको कार्यकर्ताको भूमिका एक साथ निभाउन सकिंदैन।

अहिले पत्रकारिता र राजनीति एक सिक्काका दुई पाटा जस्तै छन्। यद्यपि आआफ्नो धर्म र कर्तव्य अलग–अलग छ । पत्रकारले आफ्नो धर्म र कर्तव्य अनुसार सामाजिक पीडा बुझ्नुपर्छ। आज परतन्त्र पत्रकारहरूको कारण स्वतन्त्र पत्रकारहरूले कठिनाइ भोगिरहेका छन्। जबसम्म पत्रकार स्वतन्त्र पत्रकारितामा समाविष्ट हुँदैनन्, तबसम्म असल समाजको निर्माण हुन सक्दैन। आजको परिवेशमा पत्रकारहरूको सम्बन्ध राजनीतिसँग असामान्य रहेको तथ्य तीतो सत्य हो। जसले गर्दा देश प्रभावित छ। समाज प्रभावित छ। पत्रकारहरूले यस्तो लेखन गर्नुपर्छ, जसबाट राजनीति, सत्ता र समाजमा सही बाटो उन्मुख मानसिकता स्थापित हुन सकोस्। वर्तमान स्वरूपमा प्रायः समाचारको मुख्य आधार भनेको– सत्ता, सेलिब्रिटी र सिनेमा केन्द्रित छन्। सामाजिक सरोकार आज पत्रकारितामा अपवादबाहेक धेरै पछाडि पर्दै गइरहेको छ।

पत्रकारिता लोकतन्त्रको आधारस्तम्भ हो। त्यसैले निष्पक्ष भएर पत्रकारले आफ्नो कलम चलाउनुपर्छ। पार्टी विशेषसँग सामीप्यता राखेर कलम चलाउँदा सत्यतथ्य र निष्पक्ष धार प्रवाहित हुन सक्दैन। कुनै पूर्वाग्रह राखेर समाचार लेख्नु पत्रकारिताको मर्मअनुकूल हुन सक्दैन । चुनावको बेला कतिपय लेखक, पत्रकार र बुद्धिजीवीहरूले सुपारी लिएर कलम चलाउनु पनि पत्रकार आचारसंहिताको घोर उल्लङ्घन हो । यो तरीका कदापि ठीक होइन । पत्रकारिता, राजनीति र देश एकापसमा जोडिएका कडीहरू हुन । अन्य क्षेत्रका पात्रहरूको देखासिकी पत्रकारिता क्षेत्रमा अपेक्षित छैन। पत्रकारिता सदैव देश र समाज हितमा हुनुपर्छ।

दलीय महत्त्वाकाङ्क्षाभन्दा माथि उठ्नुपर्छ। पत्रकारिता क्षेत्रमा सकारात्मक परिवर्तनसहितको अपेक्षित भूमिका निर्वाह गर्ने प्रतिस्पर्धी को हो ? मतदाता सदस्यहरूले दलीय उर्दीभन्दा पनि स्वविवेकको प्रयोग गर्नु समय सान्दर्भिक हुनेछ । दबाब वा आर्थिक प्रलोभनमा मतदान गर्ने प्रवृत्तिको अब अन्त्य हुनुपर्छ भन्ने विषयमा मतदाताहरूको जागरूकता नितान्त आवश्यक छ। स्वच्छ निर्वाचनको सवाल निर्विकल्प हुनुपर्दछ।

राजनीतिक निर्वाचनभन्दा पृथक र निष्पक्ष निर्वाचन सम्पन्न गरेर देशमा उदाहरण स्थापित गर्न सक्नुपर्दछ। मतको विकल्पमा द्रव्यलाई महत्त्व दिइयो भने चौथो अङ्ग कहलिएको पत्रकारिताबाट देशले के अपेक्षा गर्ने ? राष्ट्रनिर्माणको क्रममा सञ्चारमाध्यम र पत्रकारको भूमिका अपरिहार्य रहेकोले निष्ठावान् र कर्तव्यनिष्ठ पात्रको छनोटमा स्वविवेकको प्रयोग गर्नु आफैंसँग न्याय गरेको ठहरिनेछ। अन्यथा पानीको धारसँगै प्रवाहित हुने हो भने आफूसँगै देशका आकाङ्क्षा स्वाहा हुने सम्भावनालाई नकार्न सकिंदैन । बदलिंदो परिवेशमा मतदाताहरूलाई प्रभावमा पार्ने नियत प्रबल हुने सम्भावना रहेकोले पत्रकारहरू सजग रहनुपर्दछ।

कानूनविपरीत क्रियाकलाप गर्ने निकाय वा व्यक्तिको खराब आचरणलाई उजागर गर्ने पत्रकारिता व्यावसायिक पेशा मात्र होइन, देशलाई भ्रष्टाचारजन्य सङ्क्रमणबाट मुक्त गर्ने, अवाञ्छित क्रियाकलापविरुद्ध लड्नेलगायतका नितान्त जिम्मेवारीपूर्ण कर्तव्य पनि हो। बाटो बिराउने जो कोही पनि किन नहोऊन्, उनीहरूलाई सही बाटो देखाउने पत्रकारको निर्वाचन स्वच्छ र पारदर्शी हुनुपर्छ।


आजको पत्रकारिताको क्षेत्रमा बहुरूपीहरूको वर्चस्वले असली र नकली पत्रकारबीचको भेद छुट्याउन मुश्किल छ। अन्य क्षेत्रका पात्रहरूको चौकीदारी गर्ने प्रवृत्तिले पत्रकारिताको महत्त्वलाई कुण्ठित पारिरहेको छ । पत्रकारिता देशको मेरुदण्ड हो भन्ने कुरा बिर्सनुहुँदैन। सञ्चारगृह र पत्रकारहरूको हकहितको सवालमा कसको भूमिका अपरिहार्य छ ? को सक्षम नेता हुन सक्छ ? भन्ने यावत् विषयहरूमा गम्भीर विमर्श आवश्यक छ । स्वहिताय नेता चुन्ने कि जनहिताय नेता चुन्ने मतदाताहरूले गम्भीर भई सोच्नुपर्ने बेला आएको छ।

# गुरुको अवहेलना गर्दा दुष्परिणाम

एक दिन भगवान् श्रीकृष्ण गोपबालकहरूसँग वनमा गाई चराउँदै थिए। अचानक गोपबालकहरूको बीचमा कंसले पठाएको महाबली दैत्य अरिष्टासुर आइपुग्यो। उसको आकृति पर्वताकार साँडेजस्तै थियो। उसले आफ्नो सिंहनादबाट पृथ्वी र आकाशलाई गुञ्जाइरहेको थियो र सिङ्गले पर्वतीय तटलाई विदीर्ण गरिरहेको थियो। उसलाई देख्ने बित्तिकै गोपी–गोप तथा गाईहरू तर्सिएर यताउता भाग्न थाले।

दैत्यहरूको नाशक भगवान् श्रीकृष्णले उनीहरूलाई अभय दिंदै भने– "नडराऊ !" माधवले अरिष्टासुरको सिङ्ग समाते र पछाडि धकेले। त्यस राक्षसले पनि श्रीकृष्णलाई धकेल्दै दुई योजन पछाडि गरिदियो। त्यसपछि श्रीकृष्णले राक्षसको पुच्छर समातेर बाहुवेगले घुमाउँदै उसलाई त्यसै प्रकार पृथ्वीमा पछारे, जसरी सानो बालकले कमण्डलुलाई फाल्छन्। अरिष्ट पुनः उठ्यो। क्रोधले उसको आँखा रातो थियो। त्यस महादुष्ट वीरले सिङ्गबाट रातो ढुङ्गा उखेल्दै मेघसरह गर्जना गर्दै श्रीकृष्णमाथि फ्याँक्यो।

श्रीकृष्णले त्यस प्रस्तरलाई समात्दै उल्टै त्यस राक्षसमाथि प्रहार गरे। त्यस शिलाखण्डको प्रहारबाट राक्षस मनमनै व्याकुल भयो। उसले आफ्नो सिङ्गको अग्रभागबाट पृथ्वीमाथि प्रहार गर्न शुरू गऱ्यो, यसले गर्दा पृथ्वीको भित्रको पानी निस्कियो। त्यसपछि श्रीकृष्णले राक्षसको सिङ्ग समातेर पटक–पटक घुमाउँदै पृथ्वीमा पछारे, जसरी हावाले कमललाई उखेलेर फाल्छ। राक्षसको प्राण–पखेरु उड्यो। त्यसै समय त्यो वृषभको रूप त्यागेर ब्राह्मणशरीरधारी भयो र श्रीकृष्णको चरणारविन्दमा ढोग्दै भक्तिले



गद्गद् वाणीले भन्यो– "हे भगवन् ! म बृहस्पतिको शिष्य द्विजश्रेष्ठ वरतन्तु हुँ। म बृहस्पतिजीकहाँ पढ्न गएको थिएँ। त्यस समय उनको अगाडि खुट्टा फैलाएर बसे। त्यसपछि बृहस्पतिजी रोषपूर्वक भन्न थाले– "तँ मेरोअगाडि गोरुसरह बस्छन्, यसले गर्दा गुरुको अपहेलना भएको छ; अतः दुर्बुद्धे ! तँ गोरु हुन्छेस्।" माधव ! त्यस श्रापले म वंगदेशमा गोरु भएँ। असुरहरूको सङ्गत गर्नाले ममा असुरभाव आयो। अब तपाईंको प्रसादले म श्राप र असुरभावबाट मुक्त भएको छु। तपाईंलाई नमस्कार छ। भगवान् वासुदेवलाई प्रणाम छ। प्रणतजनहरूको क्लेशलाई नाश गर्ने तपाईं गोविन्ददेवलाई बारम्बार नमस्कार छ।"

यति भनेर श्रीहरिलाई नमस्कार गर्दै बृहस्पतिका साक्षात् शिष्य वरतन्तु भुवनलाई प्रकाशित गर्दै विमानबाट दिव्यलोकतिर गए।

यस प्रकार यस पौराणिक घटनाबाट यो बोध हुन्छ कि गुरुजनप्रति व्यक्तिले आदरभाव राख्नुपर्छ तथा उनीप्रति शिष्ट व्यवहार गर्नुपर्छ, नत्र यसको दुःखद परिणाम हुन्छ। –गर्गसंहिता

# होलीको बोली



कुरोको चुरो

मुकुन्द आचार्य

वर्ष दिनको चाड। लामो समयदेखि यस चाडलाई ढुकेर बसेका मनहरू रमाउने, गाउने, नाच्ने, बजाउने धोको बोकेर बाँचिरहेका हुन्छन, फागुको आसमा। अर्को पहाडे समुदायले दशैं कुरे जस्तै। उत्सव प्रियाः मानवाः ! मान्छे उत्सवप्रेमी हुन्छन्।

त्यसो त होली आयो–गयो। हिन्दू समुदायलाई यसले क्यै दिएरै जान्छ; क्यै लिएरै जान्छ। सबैले आफ्नो गच्छे अनुसार होलीबाट नाफा–नोक्सान क्यै न क्यै लिन्छन्, दिन्छन्। यस्तै सुदीर्घ परम्परा रहिआएको छ।

त्यसैगरी, होलीको बेलामा बोलीको पनि उपद्रो ख्याल राख्नुपर्ने हुन्छ। हाड नभएको जिब्रो, चिप्लियो भनेर सुख पाइन्न। भोजपुरी भाषामा यौटा यस्तो उखान छ– 'इहे जीभ पान खियावे, इहे जीभ जुतियावे !' अर्थात् यै जिब्रोले पान पनि ख्वाउँछ (आदर–सम्मान दिन्छ), यै जिब्रोले जथाभावी बोल्यो भने जुत्ताको मार पनि ख्वाउँछ ! जिब्रोको डबल रोल छ। सावधान !

अनि होलीमा भाङको गोली खायो भने बोली त बिग्रन्छ ! अनि 'चिकनी चमेली पौवा चढाके आई !' भन्दै आइटम गीत गाएर उफ्रन थालेपछि वातावरण विषाक्त त हुने नै भयो। सुरापान गरेर चुरा लाउने हात समाउन गयो भने के हुन्छ होला, कल्पना गर्नुस् र त्यतिखेर 'बुरा न मानो होली है !' भनेर उम्कन पाइन्न ! लात, लाठो, जुत्ता, चप्पल, मुडकी, गाली यसको घनघोर वर्षा खेप्नुपर्ने हुन्छ।

तर अचेल मान्छे धेरै बाठा भा'हुनाले कसै–कसैले त अङ्ग्रेजीमा गाली गर्छन्, अर्कोले नबुझोस् भनेर। नबुझिने भाषामा कसैले कसैलाई गाली गऱ्यो भने, त्यहाँ झट्ट महाभारत मच्चिन्न। के भन्यो, के भन्यो भन्दै मान्छे पाखा लाग्छ।

यसको अर्थ हो, गाली वा दुर्वचन पनि दिनु–लिनुमा भर पर्छ। भगवान् बुद्धलाई शिष्यले सोधेछन्– भगवान्, हजूरलाई आज फलानोले कति गाली गऱ्यो, तथानाम भन्यो, तर हजूर चै मुसुमुसु हाँसेर सुनिरहनुभयो। भगवान् बुद्धले सम्झाएछन्– उसले मलाई दियो, त्यो गाली मैले नलिएपछि त्यो गाली उसैसँग रह्यो। यसमा मैले किन चित्त दुखाउनु ?

तर हाम्रो समाजमा त गाली पनि प्रेमले दिने चलन छ। प्रेमपूर्वक जन्तीहरू खान बसेका हुन्छन्। अनि त्यै बेलामा भित्रबाट प्रेमपूर्वक महिलाहरूले जन्तको बुबाआमाको नामै लिएर तथानाम गालीको वर्षा गर्छन्। बिहे भोजमा जन्तहरू मिठाइ र गाली दुवै मिसाएर स्वाद मानी–मानी खान्छन्। त्यतिखेर कटु वचन पनि फूलझैं प्रिय बुझिन्छन्।

फागुको निहुँमा, 'जोगिरा सरर...!' भन्दै अनेकथरी घोचपेंच गर्ने रमाइलो प्रचलन हाम्रो सभ्यता र संस्कृतिको अविभाज्य अङ्ग भइसकेको छ। समाजका विकृतिहरूलाई आफ्नै पारामा व्यङ्ग्यबाण चलाएर काँटछाँट गर्ने परम्परा त पुरानै रै'छ। हामी उहिल्यैदेखि सुधारवादी हौं भन्ने कुरामा त अब शङ्का रहेन।

अनि सारा विरोध, आक्रोश, घृणा, वितृष्णाको एकमुस्ट भुक्तानी गर्ने सुनौलो अवसर यै फागुको बेला–मौकामा त हो नि ! 'बुरा न मानो होली है !' भन्यो अनि बोलीको गोली दाग्यो। होलीमा पनि मान्छे गाली सुन्ने मूडमा हुँदैन।

तथापि हाम्रा अति आदरणीय पुर्खाहरूले चै यसो पो भनेका छन् त– 'सत्यं ब्रूयात्, प्रियं ब्रूयात् मा ब्रूयात् सत्यमप्रियम' (साँचो बोल, प्रिय बोल तर सत्य भएपनि अप्रिय नबोल !) अर्थात् अप्रिय कुनै हालतमा नबोल।

सुगाएका राँगोले मात्र हैन, सबैले जिब्रोलाई वशमा राख्नैपर्छ। द्रौपदीले दुर्योधनलाई 'अन्धोको छोरा अन्धो' भनेको हुनाले पनि महाभारत भएको थियो रे। हुन सक्छ; महाभारत युद्धको एक कारण यो पनि हो कि !? शत्रुलाई पनि मित्र बनाउने फागुको मौकामा चौका हान्न हामीले किन नसकेको होला ! अर्को होली नआउन्जेल यसबारेमा राम्ररी चिन्तन मनन गर्नुहोला !

# दृढ इच्छाशक्ति

एक बालक जन्मेपछि निकै कमजोर थिए। पछि उनी पोलियोको शिकार भए। चिकित्सकले उनका मातापितालाई बताए, उनको उपचार औषधिबाट हुन सक्दैन, बरु बालकको इच्छाले मात्र हुन सक्छ। बालकलाई बिस्तारै–बिस्तारै यसको अनुभूति पनि हुन थाल्यो। उनले अन्य बच्चालाई चौरमा दौडेको देख्थे र आफू पनि दौड्ने प्रयास गर्दथे। उनका मातापिताले उनलाई सधैं त्यस पार्कमा लैजान्थे। बिस्तारै–बिस्तारै बालकको शरीरको गाँठो फुक्न थाल्यो। एक दिन साँच्चिकै उनी अन्य बच्चासरह दौडिन–उफ्रिन थाले। तर त्यस बालकको दौड त्यहाँ मात्र समाप्त भएन।

सन् १९०० को जुलाई १६ का दिन उनको इच्छाशक्तिले गजबै गऱ्यो, ओलम्पिकमा हाइजम्प, लङ्गजम्प र ट्रिम्पल जम्प– तीनवटै प्रतिस्पर्धामा त्यस बालकले स्वर्ण पदक जिते। यस्तो लगन र प्रबल इच्छाशक्तिको नमूना कायम गर्ने




त्यो धावक, अमेरिकाका 'रे एवरी' थिए। उनको जीवनले यही प्रेरणा दिन्छ, दृढ इच्छाशक्तिको बलमा मनुष्यले आफ्नो शारीरिक बाधामाथि पनि विजय प्राप्त गर्न सक्छ।

कविता

## आजको यथार्थ

\- **बैधनाथ ठाकुर**

महात्यागी छु म चलेको छ मेरो नाम
दुनियाँलाई ठग्ने एकमात्र मेरो काम
भन्दिनँ तर सबैको भाग गर्छु म हाम
रूप अनेक देखिने काङ्ग्रेस पञ्च वाम ॥
लगाउँछु सफा सुटबुट मन मेरो कालो
भएभरका तस्कर माफिया मेरो सालो
विकासका योजनाहरू सबै मेरो जालो
अरू सबै पछि खाने मेरो पहिलो पालो ॥
सपना देखाएर जन्माउँछु सबैमा आस
सपना पाउन भन्दै पार्छु सबैलाई लाश
मृत्युको खेती गरी गर्छु जीवन आभास
मोजमा छु महलमा झुपडी सत्यानाश ॥
भेडा छन् जनता विश्वास गर्छन् हामीलाई
विज्ञान बुझ्दैनन् मान्ने गर्छन् अझै धामीलाई
इमानको मूल्य छैन खोज्छन् सबै नामीलाई
भलाइको आसले हात जोडछन् हरामीलाई ।

## विद्यार्थी जीवन

\- **बैधनाथ महतो (कुशवाहा) "साधु"**

विद्यार्थी आफ्नो जीवन बनाऊ
जस्तो चाहन्छौं ढाल, समय खेर नफाल
समय अहिले तिम्रो छ
यससँग फाइदा उठाऊ
समय व्यर्थ नगुमाऊ
यताउताका कुरामा नलाग तिमी
जाँड–रक्सी, चुरोट अनि
जुवातास, सिनेमा पनि
बिगार्छ तिम्रो जीवन भाइ
पछुतो हुन्छ पछि जीवन गुमाइ
खेल्ने कुद्ने केही समय निकाल
बाँकी समय पढ्नमा हाल
गर आदर गुरुको भाइ
विद्या चरित्र गुण सिक
विद्यार्थी जीवन सुनौलो जीवन
अहिले बनाए बन्दछ आजीवन

*कलैया उमनपा–२५, बारा*

# व्यावहारिक अनुभवको मूल्य

चारजना स्नातक आफ्नो विषयमा निष्णात भएर सँगै घर फर्किरहेका थिए। चारजनालाई आफ्नो विद्यामाथि निकै गर्व थियो। बाटोमा उनीहरूले सुस्ताउन खोजे र खाना पकाउने प्रबन्ध गर्न थाले। तर्कशास्त्री पीठो लिन बजार गए। फर्किने बेलामा सोच्न थाले भाँडा वरिष्ठ हो कि पीठो। तथ्य बुझ्न उनले भाँडालाई पल्टाउँदा पीठो बालुवामा छरियो।

कलाशास्त्री दाउरा काट्न गए। सुन्दर हराभरा रूख देखेर मुग्ध भएर उनले भिजेको हाँगा काटे। भिजेको दाउराबाट जसरी तसरी चुलो बल्यो, थोरै चामल जुन उनीहरूसँग थियो, त्यसलाई भाँडामा कुनै प्रकारले पकाए। भात पाक्यो त्यसपछि आफैं आवाज हुन थाल्यो।

तेस्रो पाकशास्त्री त्यसैको तानाबाना बुनिरहेका थिए।

चौथोले उम्लिएपछि आउने शब्दलाई ध्यानपूर्वक सुने र व्याकरणको हिसाबले यस उच्चारणलाई गलत बताउँदै एउटा लठी प्रहार गरे। भात चुलोमा फैलियो।

चारजना विद्वान् भोकै सुत्न थाले, नजीकै सुस्ताउँदै गरेका एकजना गाउँलेले आफ्नो पोकोबाट नून र सतुवा निकालेर खुवाए र भने– "पुस्तकीय ज्ञानको तुलनामा व्यावहारिक अनुभवको मूल्य बढी हुन्छ।"

## मेहताको मस्करा

\- **रामेश्वर मेहता**

(एकजना युवकले आफ्नो भाउजूलाई कुटिरहेको देखेर उसको बुबाले सोधेछ–

"यो के गरेको बाबु, आफ्नो भाउजूलाई किन कुटेको ?

छोरा– होइन बुबा, भाउजूले मेरो साथीसँग फोनमा कुरा गर्नुहुन्छ।

बुबा– किन ?

छोरा– हिजो मेरा तीनजना साथीले फोनमा कुरा गरिरहेका थिए, मैले उनीहरूलाई सोध्दा साथीहरूले भने– तिम्रो भाउजूसँग कुरा गर्दैछु, त्यस कारण मैले भाउजूलाई कुटेको हुँ।

# लभ इन वीरगंज



धारावाहिक नाटक

समीर पाखिन

समय : बिहानको नौ बजेको छ।
स्थान : वीरगंजको नयाँ बसपार्क।

(हवल्दारका ज्वाइँ सरोज हेटौंडाबाट आएको माइक्रोबाट ओर्लन्छ र सँगै ओर्लेका अर्का एकजना कर्मचारी जस्तो देखिने व्यक्तिसित कुरा गर्छन्)

व्यक्ति १ : सरोजजी, जाऔं न त मेरो क्वार्टरमा। खानपिन गरेर जानुहोला भन्सारतिर।

सरोज : जानु त हुन्थ्यो तर मेरो त खाना ससुरालीमा पाकिसकेको होला कमलजी।

व्यक्ति १ : बुद्धि पुऱ्याएर बिहे गर्नुभएको रहेछ। बेला–बेलामा अफिसको कामले वीरगंज आइरहनुपर्ने मान्छेलाई ससुराली नै वीरगंज भएपछि त गजब भइगयो नि। घरमा साली पनि छ कि ?

सरोज : त्यही साली भएकोले त ड्युटी मिलाएर वीरगंजतिर आइरहन्छु नि कमलजी। (दुवैजना केही क्षण हाँस्छन् र हात मिलाएर बिदा हुन्छन्)

दृश्य– ४

समय : उही। स्थान : इमानसिंह हवल्दारको डेरा।

सुशीला केही हतारिएकी जस्तो देखिन्छे। हवल्दार मासु लिएर अझै आइनपुगेको कारण सुशीला पटक–पटक बाहिरतिर हेर्दै)

सुशीला : एई उषा, मासु लिन गएको तेरो बाबा त आइपुगेनन् त ? तेरो भिनाज्यू, आइपुग्ने बेला भइसक्यो। (हवल्दार आइपुग्छ) जाबो एक किलो मासु किनेर ल्याउन कति समय लगाउनुभएको ? अलिक चाँडो आउनुपर्दैन ? धनियापत्ता, मूला ल्याउनुभयो ?

इमानसिंह : ल्याएँ–ल्याएँ। मासुपसलमा ज्यादै भीड रहेछ आज। धन्न साहुले चिनेको भएर चाँडो भयो।

सुशीला : चिनेर मात्र के गर्नु ? कहिलेकाहीं एक/दुई किलो मासु लगेर खानोस् हवल्दार साप भन्दैन क्या रे। (यताउता नजर दौडाएपछि) मसला पिस्ला भनेकी त यो केटी फेरि कता गई हँ ? (उषालाई सोफामा बसेर मोबाइलमा मग्न देखेपछि हातैबाट मोबाइल खोस्दै) ए, तँ त मोबाइल पो खेलाएर बसेकी छेस् ? (खोसेर खल्तीमा हाल्दै) भिनाज्यू खाना खान आउँछन् भनेकी होइन मैले ? भान्सामा आएर खुरुक्क मसला पिस्छेस् कि पिस्दैनस् ?

उषा : टिकटकमा कति मज्जा आइरहेको थियो, खोसी हाली नि बोक्सी बूढीले।

इमानसिंह : मसला होइन पहिला चिया पका। मलाई आज चियाको धीतै मरेको छैन। रङ अलिक कडा राखेर बना है।

उषा : (चिया पकाउन पानी बसाएर लाइटर बाल्दा चुल्हो बल्दैन। फेरि दुई/चार चोटि लाइटर बाल्दासमेत नबलेपछि आत्तिदै) ममी, चुल्हो त बलेन। ग्यास सकिएको जस्तो छ।

सुशीला : के भन्छे यो केटी ? खोइ लाइटर यता दे। (चुलो बाल्ने कोशिश गर्छ तर बल्दैन) ला यत्ति नै बेला ग्यास पनि सकिएछ। अब के गर्ने होला ?

इमानसिंह : के ग्यास सकियो अरे ? लौ माऱ्यो ! अब के गर्ने होला ?

सुशीला : कस्तो के गर्ने भन्नुभएको ? लिएर आउने नि।

इमानसिंह : ग्यास ल्याउनलाई पैसा हुनुपरेन ? मसँग त अढाई सय रुपैयाँ मात्र बचेको छ।

उषा : खायो भिनाज्यूले मासु भात ससुरालीमा।

सुशीला : जानुहोस् न सिलिन्डर लिएर राजकुमारको पसलमा। तलब आएपछि पैसा दिन्छु भनेर एक सिलिन्डर ग्यास लिएर आउनोस्।

इमानसिंह : देला र उधारो बिहान–बिहानै ?

सुशीला : एकचोटि पुगेर भन्दैमा के बिग्रन्छ र ?

इमानसिंह : उषा, सिलिन्डर उठाएर साइकलमा राख् त।

उषा : साइकल त आरतीले अस्पताल लगेर गएकी छे।

सुशीला : के आरतीले लगेकी छे अरे ?

उषा : हो।

इमानसिंह : राम्रो गरिस्। आजै यो ज्वाइँ पनि आउनुपर्ने, ग्यास पनि सकिनुपर्ने। अब के हेरेर बसेकी उषा तँ ? एकापट्टि सिलिन्डर उठा। रिक्सामा नै भएपनि लग्न परिहाल्छ नि। बल्ल–बल्ल आउने ज्वाइँ सापलाई खाना नखुवाइ पठाउने त कुरै भएन नि।

(रित्तो सिलिन्डर बुबा–छोरीले दुईतिर झुन्ड्याएर कोठाबाट प्रस्थान गर्छन्)

दृश्य – ५

समय : उही।

स्थान : घण्टाघरको पत्रिकापसल।

(इमानसिंहको ज्वाइँ सरोज पत्रिकापसलअगाडि उभिएर केही पत्रिकाका हेड लाइनहरू सरसर्ती हेरेपछि, एक प्रति प्रतीक दैनिक किनेर श्रीपुरतिर लाग्छ)

सरोज : (स्वयंसित) डल्लीले नयाँ डेरा भारतीय दूतावासपछाडि भनेको जस्तो लागेको थियो। एकचोटि उषालाई फोन गर्नुपऱ्यो। (उषाको नम्बरमा कल गर्दै) हलो, साली नानी हो ? म भिनाज्यू। नयाँ डेरा दूतावासपछाडि भनेको होइन ?

उषा : ए, भिनाज्यू दर्शन है। हुनु त हो भिनाज्यू तर अहिले त हामी सबैजना अस्पतालमा पो छौं त। अचानक घरबेटी बाको सुगर बढेकोले ममी–बाबा र म त अस्पतालमा छौं।

सरोज : ए हे ! त्यसो भए म के गरूँ त ?

उषा : भिनाज्यू, अब हजूर अफिसको कामले आउनुभएको होला। आफ्नो काम सकेर बेलुकी यतै आउनुभए भै हाल्छ नि। हामी पनि त्यति बेलासम्म घर आइपुग्छौं।

सरोज : ल ल। भ्याएछु भने म बेलुकीतिर निस्कौंला राखें। धत्तेरिका ! अघि रमेशजीले क्वार्टरमा खाना खान जाऊ भन्नुभएको थियो, जानुपर्ने रहेछ। अब होटलमा भात खाएर भन्सारतिर लाग्नुपऱ्यो। (घण्टाघरतिरै फर्कन्छ)

दृश्य – ६

समय : उही। स्थान : हवल्दारको डेरा।

सुशीला र हवल्दार तनावमा देखिन्छन्। उषा हाँस्दै प्रवेश गर्छिन्।

सुशीला : आमाबाबालाई भने कत्रो टेन्शन छ। यसलाई चाहिं हाँस्नुपरेको हेर न।

उषा : न हाँसेर के गर्ने त ? बल्ल–बल्ल आउनु भएको हजूरहरूको ज्वाइँ साहेब बाटैबाट फर्किएपछि।

सुशीला : ज्वाइँ साप बाटैबाट फर्कनुभयो रे ? किन ?

उषा : मलाई कल गर्नुभएको थियो। घरबेटी बाको सुगर बढेकोले हामी सबैजना अस्पतालमा छौं भनिदिएँ। शायद काम सकेर बेलुकी चाहिं बरु आउनुहुन्छ होला।

इमानसिंह : ठीकै गरिस्। नत्र त आपतै परिहाल्ने थियो नि। तिमीहरू आमाछोरी जेसुकै गर म चाहिं ड्युटीतिर हिंडे।

उषा : बाबा, खोइ सय रुपैयाँ दिनोस्। म पनि क्याम्पस जाँदा उतैतिर नास्ता गर्छु। क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## ताइवान रेल दुर्घटनामा कम्तीमा ४० जनाको मृत्यु भएको आशङ्का

ताइवान, २० चैत/सिन्ह्वा/एएफपी

ताइवानको पूर्वी क्षेत्रमा सुरुङ (टनेल)भित्र खचाखच भरिएको एउटा रेल दुर्घटनाग्रस्त हुँदा कम्तीमा ४० जना यात्रीको मृत्यु भएको आशङ्का गरिएको छ। यसअघि प्रहरीले कम्तीमा ३६ जनाको मृत्यु भएको जनाएको थियो भने अरू ७० जना रेलका डब्बाभित्र च्यापिएको जनाएको थियो । उद्धार गरिएका ६० जनालाई भने अस्पताल पुर्‍याइएको छ।



दुर्घटनामा क्षतिग्रस्त रेल। तस्वीरः एएफपी

ताइवानमा शुरू भएको लामो बिदा मनाउन हिंडेका यात्रीले रेल खचाखच भरिएको अधिकारीहरूले बताएका छन्। उद्धारकर्ताहरू सुरुङभित्र च्यापिएका मानिसको उद्धारमा खटिएका छन्।

अधिकारीहरूले तटीय शहर हुलियाननजीकको सुरुङनजीक एउटा मर्मत कार्यमा प्रयोग गरिएको सवारीसाधनले तीव्र गतिमा दौडिरहेको रेललाई ठक्कर दिएको अनुमान गरेका छन्।

हुलियान शहरका प्रहरी प्रमुख चाई डिङ–हेसियानले निर्माण कार्यमा प्रयोग भइरहेको एउटा सवारीसाधन रेलको लिकमा खसेका कारण रेल दुर्घटना भएको बताए। स्थानीय सञ्चारमाध्यमले रेलनजीकै एउटा ट्रक क्षतविक्षत अवस्थामा रहेको तस्वीर प्रकाशन गरेका छन्। उक्त दुर्घटना स्थानीय समय अनुसार बिहान ९:३० बजे भएको थियो। रासस

## कङ्गोमा विद्रोहीले हमला गरी २९ जना गाउँलेको हत्या

बेनी, कङ्गो २० चैत/सिन्ह्वा

उत्तरी कङ्गोको किभमा युगान्डाका विद्रोहीहरूले गरेको आक्रमणमा परी कम्तीमा पनि २९ जना नागरिकको ज्यान गएको बताइएको छ । युगान्डियाली विद्रोही समूह अलाइड डेमोक्रेटिक फोर्स (एडिएफ)ले कङ्गोको किभ प्रान्तको बेनी भन्ने स्थानमा शुक्रवार सो आक्रमण गरेको बताइएको थियो।

त्यस आक्रमणमा परेर कम्तीमा पनि २९ जना सर्वसाधारण नागरिकको ज्यान गएको समाचारमा जनाइएको छ। बेनीको नगरपालिका प्रशासनले सो क्षेत्रमा कम्तीमा पनि २५ जना सर्वसाधारणको शव भेटिएको जानकारी गराएको छ।

ती नागरिकहरू सो क्षेत्रका स्थानीय रहेका पनि समाचारमा जनाइएको छ। प्राप्त समाचार अनुसार यहाँका एक गाउँमा भएको सो हमलामा स्थानीय नागरिकहरूकै हत्या भएको पाइएको छ।

त्यसमा परेर अरू चारजना विद्रोही पनि मारिएका छन् । ती विद्रोहीहरूको गाउँलेले प्रतिकार गर्ने क्रममा ज्यान गएको समाचारमा जनाइएको छ।

सो क्षेत्रमा अरू कम्तीमा पनि ५० जना सर्वसाधारण हराएका छन् । उनीहरूलाई ती विद्रोहीहरूले अपहरण गरेर लगेका यहाँको सैनिक स्रोतले जनाएको छ । हत्याको कारण खुल्न सकेको छैन । यहाँको सैनिकले ती हत्याराहरूको खोजी जारी रहेको पनि बताएको छ। रासस

## माल्दिभ्समा आजदेखि विद्यालय सञ्चालन

माले, २० चैत/सिन्ह्वा

माल्दिभ्सको राजधानी मालेमा एक महीनादेखि लगाइएको कर्फ्यू हटाइएपछि शुक्रवारदेखि यहाँका बजार तथा शिक्षण संस्थाहरू खुलेका छन् । गत मार्च ४ तारिखदेखि माल्दिभ्सको राजधानी मालेमा कर्फ्यू लगाइएको थियो। यहाँको स्वास्थ्य सुरक्षा निकायले कोभिड–१९ को सङ्क्रमण बढेको भन्दै मालेमा कर्फ्यू आदेशको घोषणा गरेको थियो।

राजधानी शहरमा लगाइएको कर्फ्यू गएरातिदेखि अन्त्य गरिएको यहाँको स्वास्थ्य सुरक्षा निकायले शुक्रवार जानकारी दिएको हो । बिहीवार साँझ प्रकाशन गरेको सूचनामा बिहीवार राति ११ देखि बिहान ४:३० बजेसम्मका लागि लागू गरिएको कर्फ्यू हटाइएको जनाइएको छ।

कोरोना भाइरसको महामारी थप फैलिन नदिने उद्देश्यले गएको मार्च महीनाको ४ तारिखदेखि यहाँ कर्फ्यू लगाइएको थियो । आजदेखि कर्फ्यू हटेपछि यहाँका प्राथमिक विद्यालय, नर्सरीहरू, डे केयर, जिम, विश्वविद्यालय, चलचित्र घरलगायत पुनः सुचारु हुने भएका पनि बिहीवार साँझ प्रकाशन गरिएको सूचनामा जनाइएको छ।

यहाँको सरकारले अब राजधानी मालेमा यी सबै सेवा सञ्चालन गर्न दिए पनि कोरोना भाइरसबाट बचन अपनाउनुपर्ने स्वास्थ्यसम्बन्धी मापदण्डहरू भने पालना गर्नुपर्ने व्यवस्था गरेको छ। माल्दिभ्सको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार यहाँ अहिलेसम्म करीब २४ हजार मानिसमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको जनाएको छ। रासस


### गुठी संस्थान शाखा कार्यालय, वीरगंज

**गुठीको आँपको रूखमा भएका फल ठेक्का लगाउनेसम्बन्धी १५ दिने सूचना**

**(दोस्रोपटक प्रकाशित मिति २०७७/१२/२१)**

पर्सा जिल्लास्थित श्री राधाकृष्ण भगवान् सुर्जाहा कट्टी मठ (साबिक सुर्जाहा वडा नं ४) हाल पकाहामैनपुर गापा वडा नं २ किनं १४ मा पर्ने सानो र ठूलो पोखरीको डिलमा रहेको ५४ (चौवन्न) थान आँपको बगैंचाको फल ५ वर्षका लागि ठेक्कामा लिन इच्छुक व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र प्रत्येक ठेक्काको रु १०००।– (फिर्ता नहुने) तिरी बोलपत्र फाराम यसै कार्यालयबाट लिन सकिनेछ। १६औं दिनको मध्याह्न १२:०० बजेभित्र बोलपत्र यस कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ। सोही दिन दिनको २:०० बजे साक्षीको रोहबरमा बोलपत्र खोलिनेछ। १६औं दिन बिदा परेमा कार्यालय खुलेको दिन सोही समयमा कार्य गरिनेछ साथै सकार अङ्कको ५ वर्षमा हुने रकमको ५ प्रतिशतले हुने रकमको भौचर यस कार्यालयको सानिमा बैंक वीरगंजको खाता नं ०२१०१००१००००४८५ मा जम्मा गरी बैंक भौचर सक्कलै राखी बोलपत्रसाथ पेश गर्नुपर्नेछ। न्यूनतम मूल्याङ्कन ६१,०००/– एक वर्षका लागि कायम गरिएको छ। ठेक्का अवधि २०७८/०५/०१ बाट लागू हुनेछ। आफूले तिर्न बुझाउन सकार गरेको रकम अङ्क र अक्षरमा लेखी सहीछाप गरी सिलबन्दी गरी बोलपत्र फाराम पेश गरी सक्नुपर्नेछ। **सम्पर्क फोन नं. ०५१-५२२३१५**


### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यभय | वृष – रोगभय |
| मिथुन – यात्रालाभ | कर्कट – शत्रुभय |
| सिंह – कार्यनाश | कन्या – भयचिन्ता |
| तुला – विजय | वृश्चिक – कान्तिक्षय |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### लोकसेवाको तयारी

**निजामती सेवाः** शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)
**शिक्षक सेवाः** माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE
Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300


## बिरञ्चीबर्वामा राजयोग संस्थाको गृह प्रवेश

प्रस, वीरगंज, २० चैत/

त्रिमूर्ति शिव जयन्ती महोत्सव अन्तर्गत पर्साको कालिकामाई गाउँपालिका अन्तर्गत बिरन्चीबर्वास्थित ॐ शान्ति भवनको शुक्रवार गृहप्रवेश भएको छ।



बिरञ्चीबर्वामा नवनिर्मित भवनको गृहप्रवेश कार्यक्रमको दृश्य। तस्वीरः सौजन्य

ब्रह्माकुमारी बेली दिदीको सभापतित्व र गाउँपालिका अध्यक्ष नथुनीप्रसाद कुशवाहाको प्रमुख आतिथ्यमा सो भवनको गृहप्रवेश भएको थियो।

गृहप्रवेशको अवसरमा भवनको प्राङ्गणमा रहेको शिवध्वजारोहण गरिएको थियो । उक्त कार्यक्रममा ब्रह्माकुमार राजु घलेले राजयोगको विधिवत् अभ्यास र आध्यात्मिक ज्ञानको धारणाबाट सबै गुण र शक्तिहरूको मूल स्रोत परमात्मासँग मानसिक सम्बन्ध जोडी जीवनमा शान्ति र दिगो खुशी प्राप्त गर्न सकिने बताए।

यसैगरी, मुख्य अतिथि गापा अध्यक्ष कुशवाहाले ब्रह्माकुमारी संस्थाद्वारा विभिन्न अवसरमा दिइने चारित्रिक एवं आध्यात्मिक ज्ञानबाट मानव समाजमा निकै सकारात्मक परिवर्तन आएको र जीवनमा नैतिक एवं आध्यात्मिक शिक्षा अपरिहार्य रहेको बताए।

कार्यक्रममा वडा नं ५ का अध्यक्ष पवन तिवारी, ब्रह्माकुमार गोकुल गुभाजु, ब्रह्माकुमारी सुमित्रा, ब्रह्माकुमारी तिलक माता, ब्रह्माकुमारी रामकुमारी, दिव्य युवा क्लबका अध्यक्ष देवनाथ ठाकुरलगायतको सहभागिता थियो।

साथै धोरेस्थित ॐ शान्ति भवनमा पनि शिव झन्डोतोलन गरी शुभकामना आदानप्रदान गरिएको थियो । ब्रह्माकुमारी बेली दिदीको सभापतित्वमा तथा प्रदेशसभा सदस्य प्रह्लाद गिरीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा राजयोग प्रशिक्षक राजु घले, ब्रह्माकुमारी सुमित्रा तथा ब्रह्माकुमार गोवर्धनलगायतको सहभागिता रहेको ब्रह्माकुमार गोकुल गुभाजुले जानकारी गराए।

## गैंडा गणनाको क्रममा माहुतेसहित घाइते

कावासोती, २० चैत/रासस

गैंडा गणनामा खटिएको टोली माहुते हात्तीबाट लडेर घाइते भएका छन् । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको मध्यबिन्दु नगरपालिका–२ नजीकै चितवन राष्ट्रिय निकुञ्जको पश्चिम सेक्टर क्षेत्रमा खटिएको टोलीलाई जङ्गली हात्तीले शुक्रवार लखेटेपछि हात्तीबाट खसेर पाँचजना घाइते भएको चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले जानकारी दिए।

गैंडा गणनामा खटिएका प्राविधिक र माहुते घाइते भएको उनले बताए । गैंडा गणनाको क्रममा जङ्गली हात्तीले गणनामा प्रयोग भएको हात्तीलाई लखेटेपछि प्राविधिकसहित केही माहुते घाइते भएका हुन्।

गणनामा खटिएका हात्तीलाई जङ्गली ध्रुवे हात्तीले लखेटेको प्रमुख संरक्षण अधिकृत बरालले जानकारी दिए। सोही क्रममा भाग्दा प्राविधिकसहित केही माहुते घाइते भएको उनले बताए। घाइते हुनेको सङ्ख्या यकीन नभएको भएपनि कम्तीमा पाँचजना हुन सक्ने उनले बताए।

हात्तीबाट लडेर राष्ट्रिय प्रकृति संरक्षण कोषका कर्मचारी ३५ वर्षीय विनोद श्रेष्ठ, माहुते सर्लाही जिल्लाको हरिपुर नगरपालिका–७ का ४२ वर्षीय दीपेन्द्र चौधरी र रौतहट चन्द्रपुर नगरपालिका– ७ निवासी ५१ वर्षीय प्रेमलाल कहार चौधरीसहित केही घाइते भएको संरक्षण अधिकृत बरालले जानकारी दिए। ध्रुवे हात्तीले लखेट्दा कोही हात्तीबाट खसेर, कोही भाग्ने क्रममा लडेर र ठोक्किएर घाइते भएको उनले बताए।

घाइतेमध्ये एकजनाको अवस्था गम्भीर रहेको छ। अरू सामान्य घाइते भएको उनले बताए । गम्भीर घाइते राष्ट्रिय प्रकृति संरक्षण कोषका कर्मचारी श्रेष्ठको हेलिकप्टरबाट उद्धार गरी थप उपचारका लागि काठमाडौं लगिएको छ।

अन्य घाइतेको मध्यबिन्दु जिल्ला अस्पताल नवलपुरमा उपचार भइरहेको छ।

## साढे दुई करोडको पहुँचमा इन्टरनेट

काठमाडौं, २० चैत/रासस

नेपालमा साढे दुई करोड जनसङ्ख्यामा इन्टरनेटको पहुँच पुगेको पाइएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको चालू आर्थिक वर्षको पछिल्लो सात महीना (साउन–माघ)को तथ्याङ्क अनुसार नेपालमा दुई करोड ५४ लाख १९ हजार बढी जनसङ्ख्याको पहुँचमा इन्टरनेट सेवा पुगेको हो।



गत पुस महीनाको तुलनामा माघ महीनामा छ लाख ८३ हजार बढी इन्टरनेट प्रयोगकर्ता थपिएका छन्। गत पुस महीनासम्म कुल दुई करोड ४७ लाख ३५ हजार ६५० जनाको पहुँचमा इन्टरनेट सेवा पुगेको छ । कुल जनसङ्ख्याको ८४ प्रतिशत जनताका पहुँचमा इन्टरनेट सेवा पुगेको तथ्याङ्कमा उल्लेख छ।

प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११–२०३०)लाई आधार मानेर उक्त प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा प्राधिकरणले नेपालको कुल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ।

प्राधिकरणका अनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ। माघसम्म मोबाइल इन्टरनेटको हिस्सा ६१ दशमलव ४७ प्रतिशत छ। एक करोड १३ लाख बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको र यसमा सबैभन्दा धेरै नेपाल टेलिकमको ८६ लाख ६० हजार र एनसेलको २४ लाख ९१ हजार रहेको छ। त्यस्तै, फोरजी प्रयोगकर्ता ७० लाख ९२ हजार र इभिडियो प्रयोगकर्ता एक लाख ३६ हजार ५७३ छन्।

फोरजी प्रयोगकर्तामध्ये सबैभन्दा धेरै एनसेलका छन् । माघ मसान्तसम्म एनसेलका फोरजी प्रयोगकर्ता ४३ लाख २५ हजार ९३६ रहेका छन् । नेपाल टेलिकमका फोरजी प्रयोगकर्ता २५ लाख ४४ हजार ७२४ र स्मार्ट टेलिकमका दुई लाख २२ हजार छन्।

फिक्स ब्रोडब्यान्डको हिस्सा २१ दशमलव ८५ प्रतिशत छ । यसमा एडिएसएलका आठ लाख ३७ हजार र एफटिटीएच इन्टरनेट प्रयोगकर्ता ५७ लाख ६८ हजार छन्।

## मन्त्री सोनलद्वारा सौन्दर्यीकरणको शिलान्यास

प्रस, वीरगंज, २० चैत/

प्रदेश २ का भौतिक पूर्वाधार



शिलान्यास गर्दै मन्त्री सोनललगायत। तस्वीरः प्रतीक

विकासमन्त्री जीतेन्द्र सोनलले बारा, विश्रामपुर गाउँपालिका–१ खेखरियामठको सौन्दर्यीकरणको लागि शिलान्यास गरेका छन्।

मन्त्री सोनलका स्वकीय सचिव रमेश सर्राफले रु ३ करोड ३६ लाख ६ सयमा एक वर्षभित्र सौन्दर्यीकरणको काम सम्पन्न गर्ने गरी ठेक्का भएको बताए। कार्यक्रममा बाराका सांसद एकबाल मियाँ, जसपाका केन्द्रीय सदस्य सीताराम गुप्ता, परवानीपुर गापाका अध्यक्ष हरिनारायण साह, प्रसौनी गापाका अध्यक्ष भोला गुप्ता, भौतिक मन्त्रालयका सचिव रामाधार, धनुषा सिंचाइ डिभिजन कार्यालयका प्रमुख भगवान झालगायतको सहभागिता थियो।

# नारायणी सिंचाइको तीन बिघा जग्गा अतिक्रमण

प्रस, वीरगंज, २० चैत/

जगरनाथपुर गाउँपालिका–३ दसौताका बासिन्दाले नारायणी सिंचाइ तर स्थानीय निर्वाचनपछि सिंचाइ कार्यालयको पर्खाल भत्काएर अतिक्रमणकारीहरूले सो जग्गामा पक्की विषयमा चासो देखाएका छैनन् । नारायणी सिंचाइ कार्यालय ब्लक नं ५ का कर्मचारी स्रोतका अनुसार यस



अतिक्रमण गरिएको जग्गामा निर्माण गरिएका भौतिक संरचनाहरू । तस्वीरः प्रतीक

कार्यालयको तीन बिघा जग्गा धमाधम कब्जा गर्दैछन् ।

विगत लामो समयदेखि खाली रहेको सो जग्गा स्थानीय तह गठन भएपछि राजनीतिक बलमा स्थानीयले कब्जा गरेको बताइन्छ । नारायणी सिंचाइ अन्तर्गत जीरो आरडी स्थानमा रहेको तीन बिघा जग्गा नेताका आसेपासेहरूले कब्जा गरेको समाचार स्रोतको दाबी छ।

सो ठाउँमा रहेको सिंचाइ भवनबाहेक सबै जग्गा अतिक्रमण भएको छ । जनयुद्धताका स्थानीयहरूले सो जग्गा अतिक्रमण गर्न खोजेको तर माओवादीको डरले जग्गा अतिक्रमण भएको थिएन । घर, गोठ बनाउनुका साथै भारतीय नागरिकहरूले पसल सञ्चालन गरिरहेका छन् । अतिक्रमणकारीहरूले १० फिट अग्लो पर्खाल भत्काएर बाटोसमेत बनाएको स्थानीयको आरोप छ । सो विषयमा पटक–पटक विवाद हुँदा दर्जनौं घाइते भएका तथा इलाका प्रशासन कार्यालय पोखरियामा मुद्दा विचाराधीन छ ।

नारायणी सिंचाइ डिभिजन कार्यालयका कर्मचारीहरू तथा निर्वाचित जनप्रतिनिधिहरूले चासो नदेखाउँदा जग्गा अतिक्रमण भएको हो । सो जग्गामा रहेको सशस्त्र प्रहरीको चेकपोस्ट र नजीकै रहेको प्रहरी चौकी जानकीटोलाले यस विषयमा पटक–पटक प्रहरी र जनप्रतिनिधिलाई जानकारी गराए पनि कुनै सुनवाइ नभएको बताए ।

जग्गा अतिक्रमण भएपछि विकासको काम पनि अवरुद्ध भएको छ। नारायणी नहर स्तरोन्नतिको लागि कालोपत्रे भइरहेको छ तर कब्जा गरिएको जग्गामा काम रोकिएको छ। यसबारे ठेकेदारले पटक–पटक स्थानीय प्रतिनिधिलाई जानकारी गराए पनि कुनै चासो देखाइएको छैन। नहर विस्तारको क्रममा ४० फिटको बाटोमा माटो पुर्ने काम भइसकेको तर अतिक्रमण भएको ठाउँमा पुगेर बाटोको निर्माण कार्य रोकिएको छ ।

# पत्रकार महासङ्घ प्रदेश २ मा उम्मेदवारी दर्ता

प्रस, वीरगंज, २० चैत/

नेपाल पत्रकार महासङ्घ, प्रदेश २ को निर्वाचनका लागि उम्मेदवारहरूले बिहीवार उम्मेदवारी दर्ता गराएका छन्।

निर्वाचन आयुक्त संयोजक रामभरत साहले प्रदेश २ को अध्यक्ष पदका लागि जीतेन्द्रप्रसाद सिंह, नवलकिशोर यादव र राजेशकुमार कर्ण गरी तीनजनाको उम्मेदवारी परेको बताए ।

त्यस्तै, उपाध्यक्षमा बृजलाल पासवान, राजु विश्वकर्मा र रामानन्दप्रसाद गुप्ताको उम्मेदवारी दर्ता भएको छ भने महिला उपाध्यक्षमा ज्योति झा, नेहा झा, मालाकुमारी कर्ण र रेणुकुमारी चौधरी गरी चारजनाले उम्मेदवारी दिएका छन् ।

महासचिवमा श्याम बन्जारा, अशोक तिवारी, ध्रुव साहले उम्मेदवारी दिएका छन् । महासचिवका तीनजना पत्रकार वीरगंजका हुन् ।

सचिवमा अजीतकुमार सिंह (खुला), आलोक पाण्डे (खुला), जीतलाल श्रेष्ठ (समावेशी), उपेन्द्रप्रसाद यादव (समावेशी), कमलकुमार उपाध्याय (खुला) र भोला पासवान (समावेशी)ले उम्मेदवारी दिएका छन् भने कोषाध्यक्षमा विश्वनाथ ठाकुर, मनोजकुमार मिश्र, रमेश सुवेदी र शैलेन्द्रकुमार महतो गरी चारजनाले उम्मेदवारी दिएका छन् ।

खुल्ला सदस्य ५ पदका लागि शैलेन्द्र झा, अनिलकुमार तिवारी, दीपकप्रसाद गौतम, नवीन सिंह, बैधनाथ चौधरी, मनोज तिमल्सिना, महेश्वर अधिकारी, रमेश सिंह, अजयकुमार साह, ललनकुमार साह, सन्तोषकुमार सिंह र त्रिलोकीनाथ यादव गरी १२ जनाले उम्मेदवारी दिएका छन् ।

महिला सदस्य ३ पदका लागि लक्ष्मी खरेल, प्रतिभा झा, सुधा देव, सपना ढकाल, सरिता चौधरी र वरुणा यादव गरी ६ जनाले उम्मेदवारी दर्ता गराएको आयुक्त साहले बताए । मधेसी सदस्य २ पदका लागि धनवीर महतो, नवीन मिश्र, सञ्जयकुमार राउत गरी तीनजनाले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यस्तै, आदिवासी जनजाति २ सदस्य पदका लागि उदयकुमार दास थारू, रोयान्टर मण्डल र शङ्कर श्रेष्ठ गरी तीनजनाले उम्मेदवारी दर्ता गराएका छन्।

दलित सदस्य १ पदको लागि कैलाश दास, वीरेन्द्र विश्वकर्मा र रामएकबाल महरा तथा अल्पसङ्ख्यक सदस्य १ पदका लागि ग्याँसुमियाँ देवान, प्रभाषचन्द्र कर्ण र हदिश खुद्दारले उम्मेदवारी दर्ता गराएको निर्वाचन आयुक्त संयोजक साहले बताए ।




# होलीको समयमा कुटपिट गरेको आरोप

प्रस, वीरगंज, २० चैत/

पर्सागढी नगरपालिका–५




बहुअर्वाटोलका बासिन्दाहरूले पत्रकार सम्मेलन गरी गैरहिन्दूहरूको कारण आफूहरू मर्कामा परेको बताएका छन् ।

शुक्रवार नेपाल पत्रकार महासङ्घ पर्साको सभाकक्षमा आयोजित पत्रकार सम्मेलनमा स्थानीयवासीले आफूहरू अल्पसङ्ख्यामा रहेको कारण गैरहिन्दूहरूले आफूहरूको चाडपर्व मनाउन बन्देज लगाएको आरोप लगाए। पत्रकार सम्मेलनमा उनीहरूले आफूहरूलाई होली खेल्न नदिएको र कुटपिट गरी घाइते बनाएको आरोप लगाए ।

# खेलकूदको संसार

## त्रिदेशीय कप फूटबलका विजेतलाई जनही चार लाख

काठमाडौं, २० चैत/रासस

सरकारले त्रिदेशीय कप फूटबलका विजेता खेलाडीलाई जनही रु चार लाख दिने भएको छ। शुक्रवार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले विजेता खेलाडीलाई जनही रु चार/चार लाख दिने निर्णय गरेको परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले जानकारी दिए ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सोमवार भएको फाइनल खेलमा नेपालले बङ्गलादेशलाई २–१ गोलअन्तरले पराजित गर्दै त्रिदेशीय कप फूटबलको उपाधि जितेको थियो । नेपालका लागि सन्जोग राई र विशाल राईले गोल गरेका थिए । नेपालले ३७ वर्षपछि घरेलु मैदानमा उपाधि जितेको हो। उपाधिसँगै नेपालले पाँच हजार डलर पुरस्कार प्राप्त गरेको छ।

नेपाली खेलाडीको हौसला बढाउन प्रधानमन्त्री ओली दशरथ रङ्गशाला पुगेका थिए । नेपालको तर्फबाट दुवै गोल हुँदा प्रधानमन्त्री ओलीले उठेर ताली बजाउँदै खेलाडीलाई हौसला प्रदान गरेका थिए। अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले पनि विजेता खेलाडीलाई जनही रु एक लाख पुरस्कार दिने घोषणा गरिसकेको छ।

## एएफसी कपको प्रारम्भिक खेलमा त्रिभुवन र श्रीलङ्काबीच प्रतिस्पर्धा

काठमाडौं, २० चैत/रासस

एएफसी कप २०२१ प्रारम्भिक चरण अन्तर्गत त्रिभुवन आर्मी क्लब र श्रीलङ्का पुलिसबीच यही चैत २५ गते प्रतिस्पर्धा हुने भएको छ । दशरथ रङ्गशालामा दिउँसो ३ बजे हुने उक्त खेल नकआउटका आधारमा खेलाइने शुक्रवार आयोजित पत्रकार सम्मेलनमा सैनिक शारीरिक तालीम तथा खेलकूद केन्द्रका प्रमुख ब्रजेश महर्जनले जानकारी दिए ।

उक्त प्रतियोगितामा भाग लिन श्रीलङ्कन टोली चैत २२ र २३ गते काठमाडौं आउने भएको छ। उक्त प्रतियोगिता हेर्नका लागि विशिष्ट श्रेणीका लागि रु ५०० र साधारणतर्फ रु ३०० शुल्क कायम गरिएको बताइएको छ । सो प्रतियोगिताका तयारीका लागि आर्मीका खेलाडीलाई बन्द प्रशिक्षणमा राखिएको छ। प्रतियोगिताका लागि रु २० लाख खर्च लाग्ने अनुमान गरिएको एन्फाका प्रवक्ता किरण राईले जानकारी दिए। आर्मी क्लबले श्रीलङ्का टीमलाई सशक्त प्रतिस्पर्धीकै रूपमा लिएको जनाएको छ ।

# वीरगंज उद्योग वाणिज्य सङ्घको शपथग्रहण सम्पन्न

प्रस, परवानीपुर, २० चैत/

वीरगंज उद्योग वाणिज्य सङ्घको आगामी दुई वर्षको लागि ४५औं



तस्वीरः प्रतीक

साधारणसभाबाट नवनिर्वाचित पदाधिकारीहरूको शपथग्रहण समारोह सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख निर्वाचन अधिकृत बालमुकुन्द खरेलले शपथग्रहण गराएका थिए । सङ्घका नवनिर्वाचित अध्यक्ष सुबोध गुप्ताको नेतृत्वमा नवनिर्वाचित पदाधिकारीहरूमा वरिष्ठ उपाध्यक्ष अनिल पाटवारी, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, महासचिव मनोज दास, वाणिज्यतर्फ सचिव आशिष् लाठ, सहसचिव अनुज रूँगटा, उद्योगतर्फ सचिव अरविन्द आमात्य, सहसचिव सुशान्त चाचान, कोषाध्यक्ष गोविन्द शाह, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयल, सदस्यहरू मुरली जालान, नीरज अग्रवाल, अवधेश सरावगी, नवनीत अग्रवाल, सुरेश रूँगटा, प्रभात रूँगटा, सौरभ केडिया, सुनील खेतान, मनोज शर्मालगायत ३५ सदस्यीय समिति रहेको छ ।

वीउवासङ्घका निवर्तमान अध्यक्ष गोपाल केडियाको अध्यक्षतामा सम्पन्न शपथग्रहण समारोहको उद्घाटन प्रदेश २ का मुख्यमन्त्री लालबाबूराउत गद्दीले गरेका थिए । मनोज उपाध्यायले सहजीकरण गरेको कार्यक्रममा मुख्यमन्त्री गद्दी, नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, सङ्घीय सांसद प्रदीप यादव, वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगी, नेउवा महासङ्घका पूर्वउपाध्यक्ष उमेशलाल श्रेष्ठ, नेउवा महासङ्घ प्रदेश २ का अध्यक्ष गणेश लाठ, नेउवा महासङ्घका केन्द्रीय सदस्य अजयराज सुमार्गी, प्रदेश सांसद तथा वीउवासङ्घका पूर्वअध्यक्ष ओमप्रकाश शर्मा, नेका पर्साका सभापति अजय द्विवेदी, नेकपा एमालेका अध्यक्ष प्रभु हजरा, जसपा पर्साका अध्यक्ष रामनरेश यादव, उद्योगी अशोक टेमानीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा मुख्यमन्त्री गद्दीले प्रदेश सरकार प्रदेशको विकासका लागि प्रतिबद्ध रहेको बताए । उनले प्रदेश सरकारले वीरगंजमा उद्योग विभाग स्थापना गरी तीन दिनमा उद्योग दर्ता, २० वर्षसम्म राजस्व नलिने, जग्गा लिजमा उपलब्ध गराउने, हडतालरहित कोरिडोर बनाउनेलगायतका योजना रहेको बताए। उनले राज्यले बजेट प्रदानमा विभेद गरेको आरोप लगाए । संविधानको व्यवस्थालाई नियन्त्रण गर्न सरकारले ऐन नियमावली बनाएर भएको अधिकार कटौती गरेको पनि उनले आरोप लगाए । राज्यको नजरमा उद्योगी–व्यवसायी लुटेरा रहेको पनि उनले आरोप लगाए ।

कार्यक्रममा सङ्घीय सांसद प्रदीप यादवले देशलाई समृद्ध बनाउन वीरगंजलाई समृद्ध बनाउनुपर्ने माग गरे। उनले वीरगंज देशकै मुख्य नाका भएपनि वीरगंजको भौतिक पूर्वाधार गतिलो नभएको आरोप लगाए । उनले पारवहनको सबैभन्दा छोटो नाका भएर वीरगंजले जति फाइदा लिनुपर्ने हो, लिन नसकेको उनको जिकिर थियो ।

# खेतमा गएका पुरुष मृत फेला पर्‍यो

प्रस, जनकपुरधाम, २० चैत/

धनुषाको औरही गाउँपालिका वडा नं ३ निवासी विजय मण्डल मृत फेला परेका छन्। उनी बिहीवार बिहान खेतमा काम गर्न निस्किएको उनको परिवारजनले जनाएका छन् ।

आफ्नै खेतमा काम गर्न गएका ४० वर्षीय मण्डल बिहीवार राति अबेरसम्म घर नफर्किएपछि परिवारजनले छिमेकको सहयोगमा खोजी गर्दा उनको शव आफ्नै खेतमा फेला परेको हो। मृतकको घाँटीमा गम्छा बाँधिएको र शङ्कास्पद अवस्थामा शव फेला परेको इलाका प्रहरी कार्यालय औरहीले जनाएको छ । मृतकको शव प्रादेशिक अस्पताल जनकपुरमा शल्यपरीक्षण भएको छ। शल्यपरीक्षण रिपोर्ट आएपछि कारण खुल्न सक्ने प्रहरी नायब निरीक्षक सन्तोष झाले बताएका छन् ।

**डढेलोको...........**

हावाहुरीसमेत चल्ने भएकोले आगोको फिलिङ्गोलाई हावाले उडाइ डढेलो र आगलागी हुने सम्भावना बढी हुने डिभिजन वन कार्यालयका प्रमुख एवं डिएफओ मन्जुर अहमदले बताए। दिगो वन कार्यान्वयनमा आउन ढिलाइ भइरहँदा वनजङ्गलमा ढलेका, सुकेका रूख वन समूहले निकाल्न पाएका छैनन् ।

माथिल्लो निकायबाट निर्देशन नआउन्जेलसम्म वन पैदावर सङ्कलन, कटान, मुछान गर्न आदेश दिन नसकिने वन कार्यालयको भनाइ छ। खेर गइरहेका वन पैदावरलाई सङ्कलन गर्न नसक्दा उपभोक्ताहरूलाई पनि वितरण गर्न सकिएको छैन ।

एकातिर उपभोक्ताहरूको माग बढिरहेको छ भने अर्कोतिर सरकारले वन पैदावर सङ्कलन, कटान, मुछान गर्न इजाजत दिएको छैन । जसका कारण वनमा चोरी तस्करी बढेको बाराका अधिकांश सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरू बताउँछन् । अब सरकारले ढिलाइ गर्नुहुन्न । उपभोक्ताहरूको दबाब थेग्न गाह्रो भइरहेको छ, उनीहरू भन्छन् ।